तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

बुलेटिन ८, अंक १, वर्ष ३

अर्हत

बुद्ध सम्वत् २५५७ | वि.सं. २०७० जेठ ११ | ने.सं. ११३३ बछलाथ्व बुद्ध पूर्णिमा



भक्तपुर वाचारी दम्फोमा स्थापित बुद्धको मूर्ति

पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु ।

दोस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु ।

तेस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
तेस्रो पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु ।

म प्राणी हिंसा गर्ने काम छोइने शील राम्ररी पालन गर्छु।
म चोरी गर्ने काम छोइने शील राम्ररी पालन गर्छु।
म कामरागको विषयमा नराम्रो आचरण गर्ने छैन।
यो शील राम्ररी पालन गर्नेछु।

म झूठ कुरा बोल्ने बानी छोइने शील राम्ररी पालन गर्छु।
म बेहोसको कारण हुने रक्सी, जाँड, आदि लागुपदार्थ सबै छोइने शील राम्ररी पालन गर्छु।

● श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजी पात्रबाट साभार

अर्हत

वर्ष ३ | अङ्क १ | बुलेटिन ८ | नेसं.११३३ वछलाथ्व बुद्ध पूर्णिमा

शक सं. १९३४ | २०७० जेठ ११ | बुद्ध सं. २५५७

सम्पादन / प्रकाशन

बौद्ध दर्शन अध्ययन समाज

भक्तपुर

विशेष सहयोगी

गोपीकृष्ण प्रजापति

कम्प्युटर

सिद्धि डिजाइन डेस्कटप सर्भिस

फोन - ६६१५१०७

मुद्रण

सिद्धिगणेश अफसेट प्रेस

इनाचो भक्तपुर

फोन - ६६१४७५३

सहयोग रु. २०।-

अर्हतलाई बौद्ध साहित्यहरू दिई सहयोग गरिदिनु हुन पाठक वर्गहरूमा अनुरोध गर्दछ ।

बौद्ध दर्शन अध्ययन समाज

प्रकाशकीय

बुद्ध संवत् २५५७ को उपलक्ष्यमा सम्पूर्ण नेपालीमा 'अर्हत' परिवार हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

आज वैशाख पूर्णिमा हो । आजको दिन विश्वका शान्तिकामी मानव जातिको लागि पवित्र दिन हो । आजकै दिनमा लुम्बिनीको बगैंचामा रानी माया देवीको कोखबाट सिद्धार्थको जन्म भएको थियो । आजकै दिनमा सिद्धार्थले बुद्धत्व प्राप्त गर्नुभएको थियो । साथै सिद्धार्थले निरन्तर बुद्ध दर्शनको प्रचार गर्दै ८० वर्षको उमेरमा महापरिनिर्वाण भएको थियो । यसकारण आज त्रिसंयोगयुक्त दिन मानिन्छ ।

महामानव गौतम बुद्धलाई हामीबीचको अलौकिक शक्तिको रुपमा नभई एक महान दार्शनिकको रुपमा स्वीकार्नु राम्रो हुनेछ । उहाँले तत्कालीन समाजमा देखापरेको दुःखबाट मुक्त गर्न अध्ययन र अनुसन्धानमा कडा परिश्रम गर्नुभयो । आफूभित्र रहेका सम्पूर्ण विकारहरूलाई पखाल्दै दुःखबाट मुक्ति पाउने उपाय पत्ता लगाउनुभयो । त्यस उपायलाई उहाँले व्यवहारमा लागू गर्नुभयो । बुद्धले भन्नुभएको थियो - संसारमा दुःख छ । दुःखको कारण छ र दुःखबाट मुक्ति पाउन सकिन्छ । साथै दुःखबाट मुक्ति पाउने उपाय 'आर्य अष्टाङ्गिक मार्ग' हो ।

बुद्धको विचार तथा दर्शन आजको अशान्त विश्वमा झन् बढी समय सापेक्ष हुन थालेको छ । विश्वमा अशान्तिको बीउ छर्ने शासक वर्गहरूको हृदयमा बुद्धको छायाँमात्र परेमा साँच्चै विश्वमा शान्ति छाउँदैन र ?

बुद्ध जयन्तीको अवसरमा बुद्धलाई अक्षता, फूल, धूप र अबिरले पूजा गर्नुभन्दा बुद्धको उपदेशलाई व्यवहारमा लागू गरेमा बुद्धलाई सम्मान गरेको ठहरिँदैन र ? अस्तु !

बुद्ध जयन्तीको सन्देश !

✍ न्हुछेरत्न बुद्धाचार्य

आज बुद्ध जन्मेको दिन
बुद्धले बुद्धत्व प्राप्त गरेको दिन
सिद्धार्थको निर्वाण भएको दिन
आज बुद्ध जयन्ती ।

भन्छ, आकासबाट फूल बर्सेको दिन
तर, आज जहाँतहीं आँधी आइरहेछ
चारैतिर अराजकता, अशान्त छ
नैतिक आचरणको पतन भइरहेछ

प्रत्येक बुद्ध जयन्तीमा उपासकहरू
सम्यकको अगाडि
शान्तिको ढोका अगाडि
बोधिसत्वलाई मुक्तिको लागि पुकारा गर्छन्

बुद्धको नाममा छाता ओढेर
आफ्नो स्वार्थ पूरा गर्ने भक्षकहरूले
बुद्ध जयन्तीलाई देखावटी प्रदर्शन गरेर
बुद्धको भिक्षा पात्रमा बल्छी राखेर, अशान्त पारे

यसैले, एउटा हातले बुद्धको ज्ञानको ज्योति बालेर
अर्को हातले शान्तिको सन्देश बोकेर
हामी सबै शान्ति, सदाचार, सहअस्तित्वको लागि अघि बढौं
यही नै आजको बुद्ध जयन्तीको सन्देश ।

बुद्धया व्यक्तित्व व विचार

✍ राहुल सांकृतित्यायन

गुम्हं ऐतिहासिक महापुरूषया तुलना पौराणिक देवी देवतापिंलिसे याय्गु ठीक मजू तथापि यदि पौराणिक शब्दावलीया प्रयोग यात धासा भीसं धाय् फु कि बुद्ध भिंखुगू कलां पूर्णम्ह पुरूष खः । भीगु देशयात नं. ततःधंपिं महापुरूषपिं बुइकेगु सौभाग्य प्राप्त जूगु दुः तर बुद्ध गुलि पूर्ण खः उलि मेपिं पूर्ण खने मदु । महापुरूषपिनिगु मस्तिष्क तसकं हे तःधं, गुपिनिगु प्रतिभा तातापाक तर्क ध्यं व, तातापागु नं विचार याय् फु । तर हृदयया माधुर्ये इपिं उलितःधं मजू । मेपिं हृदयया महाधनी जूपिं दु तर मस्किया खंय् इपिं अपूर्ण हे खने दु । बुद्ध हृदय व मस्तिष्क निसाय्सनं महान् खः । वसपोलया व्यक्तित्वयात निदोत्या वर्षया परम्परा, थःपिनिगु व करपिनिगु श्रद्धात्या खानं थुलितक त्वपुया बिल कि व जंगले बिलकुल सुला च्वंथें जुइ धुंकल । तथापि भचा जक नं ध्यान बिल धासा व प्वाला प्वाला थीगु कोहेनूर हीरा थें थिना वइ तिनि । पश्चिमी विद्धानतय्सं दकले न्हापां बुद्धया बारे न्यन व थुल, अबले गुलिखेसिनं हिन्दूतय्गु अवतार-कल्पना थें हे छगू कल्पना समझे जुल । परन्तु, अन्ते ठोस् ऐतिहासिक तथ्यया न्ह्योने छ्यों कछुके माल तथा बुद्धया ऐतिहासिकता माने याय्माल । बुद्धया निर्वाण जुया गुलिचां मदुवं पिपरहवाय् व निसः निसःत्या दँ लिपा मेमेथाय् पुलांगु आखलं कियातःगु बट्टाय् तया तःगु वसपोलया पवित्र अस्थिवातु भीगु न्ह्योने वल, अले मानो निदोत्या वर्ष लिपा बुद्ध स्वयं भीगु न्ह्योने बिज्याना धया बिज्यात श्रमण गौतम धयाम्ह जि हे खः, गुम्ह उत्तरी भारतया जंगल संथाल परगना जिला निसें थानेश्वर तक व विन्ध्याचलनिसें हिमालयया तराई तक ४५ दं तक निरन्तर चाहिला जुया ।

जिं धाय् हे धुन कि परम्परायाअनुसार बुद्धया निर्वाण ईसा-पूर्व ५४४ स व जन्म व सिकं ८० दँ न्हापा ईसा-पूर्व ६२४ स जूगु खः । थुकथं १९५५ ई. स भगवानया निर्वाण जूगु २५०० दँ दइ । ऐतिहासिक अनुसन्धान थ्व गणनाय् ६० दं अप्पो जू, निर्वाण ईसा-पूर्व ४८३-८४ स जूगु खः । थथे माने यात धासा मेगु ऐतिहासिक उल्लेखया संगति मिले जुइ । परम्परायाअनुसार ईसा-पूर्व ६२४ स सिद्धार्थ लुम्बिनी (नेपालया तराई) जन्म जुल । २९ वर्षया आयुली (ईसा-पूर्व ५२५ ऐतिहासिक तवरं ई.पू. ५३५) वं छें त्वःतल । खुदँतकया उग्र तपस्याया लिपा उकियात व्यर्थ भापा ३५ वर्षया उमेरे (ईसा-पूर्व ५८९-५२९) वं स्वयं प्रयत्न याना तत्व ज्ञान प्राप्त याय्गुली सफल जुल, गुगु बुद्धया दर्शन, योग व आचार शास्त्रया आधार शिला खः, गुकियात मध्यमार्ग, प्यंगू आर्यसत्य, अनित्यवाद क्षणिकताया सिद्धान्त वा प्रतीत्य समुत्पाद धाइ । ३५ वर्षया आयुनिसें ८० वर्षया आयु तक ४५ वर्ष (ऐतिहासिक तवरं ई.पू. ५२८-४८३ व परम्पराया अनुसार ई. पू. ५८९-५४५) वसपोलं आदि कल्याण, मध्य कल्याण, पर्यवसान कल्याण सर्वतोभद्रधर्मया मार्ग बहुजनहिताय, बहुजन सुखाय कना बिज्यात ।

बुद्धया जीवने हे वसपोलया ख्याति थःगु विचरण-क्षेत्रं पिने ध्यंक ध्यने धुंकल । सूनापरान्त गुजरात समुद्र तटया सेठ वया वसपोलया शिष्य जुल, तक्षशिलाया जुजु कष्फिफण वसपोलया चरणे वल । थःगु समयया ततःधंपिं मेधावी व आदर्शवादी पुरूष बुद्धया चरणे नतमस्तक जुल । सारिपुत्र, मौद्गल्यायन, महाकाश्यपया रूपे उगु बखतया दकले प्रतापी

अंग-मगध देशया मूर्धन्य ब्राह्मण पण्डितपिन्त बुद्धया उपदेशं शान्ति प्राप्त जुल । उज्जैनया राजा चन्द्रप्रद्योतया पुरोहित महाकात्यायनं बुद्धया चरणे शिर क्वछुना सिद्ध यात कि जम्बू द्वीपे छम्ह अपूर्व सूर्य लुया वल ।

गृहस्थ ब्राह्मण पण्डितपिनि बिचे नं. बुद्धया भक्तपिनि संख्या कम मजू । प्रतिभा व व्यक्तित्व निगुलीसं वसपोल थपासकं आकर्षक कि वसपोलया न्हयोने वय्वं न्हयाम्हं मनूत वसपोलया भक्त जुइ । तपस्याया बखते खुदं तक नाप च्वना बुद्धं तपस्या त्व:तेवं आचार भ्रष्ट भापा कौडिन्य अश्वजित आदि न्याम्ह भिक्षु वसपोलयात त्व:ता वाराणसीया ऋषिपतन मृगदाव (सारनाथ) स वन । बुद्धँ थ्व निराशपिं न्याम्ह व्यक्तियत नं थ:गु न्हगु खोजया फलं दकले न्हापां लाभान्वित याना बिज्याय्गु विचार याना बिज्यात । न्याम्हेसिनं नं. भगवान् तापाकं निसें बिज्यागु खना थवं थवे सल्हा यात-पासापिं, थ्व साधना भ्रष्टम्ह मुनेगुली लगे जूम्ह गौतम वया च्वन । थ्वयात अभिवादन नं याय् मज्यू, प्रत्युत्थान नं याय् मज्यू । परन्तु भगवान सत्तिक बिज्याय्वं छम्हा न्होने वना भगवानया पात्र-चीवर काल, छम्हसें आसन लाया बिल, छम्हसें तुति चाय्त ल: क्वपू हया बिल ।

वसपोल धात्थें थपसकं मोहक कि गुलिखेस्यां मती ल्वीकल, श्रमण गौतमयाके 'आवर्तनी माया' दु, मति हीकिगु जादू दुं । नालन्दाया सेठ उपालियात थ्व आवर्तनी मायाया मोहे लागु खना गुलिस्यां धा नं धाल-उबले वं धाल- 'सुन्दर ख: आवर्तनी माया, कल्याणी ख: आवर्तनी माया यदि जिमि प्रिय बन्धु-बान्धवपिं नं थ्व आवर्तनी मायाया मोहे लात धासा इमि दीर्घकाल तक हितसुख जुइ ।' हृदय व मस्तिष्कयात वसपोलं तसकं प्रभावित याना बिज्यात ।

बुद्धया दर्शन ख: प्रतीत्य समुत्पाद -अन्त:बाह्य जगत्या ब्याक स्थूल-सूक्ष्म वस्तुत विना अपवादँ नाशवान, अनित्य, क्षण-क्षण जड-मूलंनिसें परिवर्तनशील ख: । थ्व थुइके बीगु अ:पुगु मखु, तर बुद्धया कनेगु ढंग थपसकं सरल कि, न्हाथें जागु गथि फ्यनेत नं थजागु उपमा बिया बिज्याइ कि भचा बुद्धि दुम्हं नं थ्व बांलाक थुइका काइ । अधिक मेधावीपिं ला निगु पंक्ती हे बुद्धया गहन दर्शन थुया गद्गद् जुइ । भिक्षु अश्वजितया शान्त चेष्टा खना परिब्राजक सारिपुत्र वया पाखे आकृष्ट जुल । वं अश्वजितया विचार सीकेगु इच्छा प्रकट यात । अश्वजितं धाल-जि थ्व धर्मे न्हूम्ह तिनि, विस्तारपूर्वक छुं कने मफुनि ।

'ज्यू, अथेसा भचा जक जूसां छुं कं ।' भिक्षु अश्वजितं व गाथा न्यंकल, गुगु भारत व भारतं पिने कोटान कोटिको ल्वहं:, धातु, भों, व चाय् च्वया वन । न्हयागु बौद्ध देशे नं लखं लखया ल्याखे थ्व गाथा दुगु चाया मुद्रा लूगु दु । गाथा थ्व ख: -

'ये धम्मा हेतुप्पभवा हेतुं तेसं तथागतो आह ।
तेसं च यो निरोधो, एवंवादी महासमणो ।'

'गुगु पदार्थ ख:, व हेतुं उत्पन्न जुइ । वया हेतु व वया निरोध नं तथागतं कथा बिज्यात, थ्व कना बिज्याम्हा महाश्रमण ख: ।'

बुद्धं फुक धर्म-प्रत्यक्ष अप्रत्यक्ष वस्तु यात सकारण उत्पत्तिमान् धका धया बिज्यात । थ्व छगु दृष्टि (दर्शन)

द्धया अनित्यवाद, अनात्मवाद मेधावी सारिपुत्रया न्ह्यने ष्ट जुल ।

बुद्ध व बौद्ध भारतया दर्शन क्षेत्रे अग्रणी जुल । बौद्ध रोधीतसें इमित प्रमाणपटु धका धाइ । नालन्दाया महान् र्शनिक, थःगु समये जक मखु, परन्तु फुक समयया द्वितीय भारतीय दार्शनिक धर्मकीर्तिया बारे, वया प्रबल तिद्वन्द्वीतसें धाइ-'दराबाध इव धर्मकीर्ते पंथाः, तद् अत्र विहितेन भाव्यं ।' (धर्मकीर्तिया मार्ग दुराबाघ खः । किं थन सावधानपूर्वक च्वं ।)

बुद्धया मधुर मोहक व्यक्तित्व कनिगु अनेक घटना ।

वसपोल करूणामय खः । वसपोल व वसपोल या ाष्यपिसं करूणाय् दकसिवे अप्पो जोरविया बिज्यात । ४ सिद्धिपिनि आदिगुरुसरह पादुं करूणा व शून्यता माधि, थ्वहे नितायात सर्वोपरि व छगू मेगुया पूरक माने ात ।

भगवान् श्रावस्तीया जेतवने (गोंडा जिंलाया सहेट-हेट) । उगु बखते बिज्याना च्वंगु खः । मठे चाहिहयूं सपोल छगू कोथाय् दुहाँ बिज्यात । खना बिज्यात, छम्हा भिक्षु प्वाया रोगया कारणं चःबी दुना च्वन । थः सहचर ानन्दयात धया बिज्यात-'आनन्द, लः हति, थ्व भिक्षुयात हा सिके ।' आनन्दं लःहल, भगवानं भिक्षु यात म्ह सका, वयागु वसः चाया बिज्यात । थमं छ्यों पाखे व ानन्दं तुतिपाखे ज्वना रोगीयात लासय् ग्वतुइकल । उगु बखते वसपोलं भिक्षुपिन्त धया बिज्यातः-छिमि मां मदु, ी मदु, गुमिसं कि छिमिगु सेवा याइ । यदि छिमिसं थवं वे सेवा मयात धासा सुनां सेवा याइ ? गुम्हसें रोगीया वा याइ वं जिगु सेवा यागु जुइ ।'

रोगीया सेवाया नापं गुलिखे वासःया उपयोग या खं गवान बुद्ध कना बिज्यात । थ्वहे कारणं वसपोलयात षज्य-गुरु (वासःया गुरु) धका धाय्गु यात । भैषज्य-रुद्वारा जीवने गुलि रोगी तयसं लाभ उठे यात, थ्वसिकं ोछिवं गुना अप्पो, वसपोलया निर्वाणं लिपा लाभान्वित ुल । अशोकं पशु-चिकित्सा, मनुष्य चिकित्साया व्यवस्था थःगु देशे जक मखु सुदूर ग्रीक राज्ये नं. यात । कम्बुजु चीन आदि देशे दोलंदो धर्मार्थ अस्पताल व आतुरालय चाल ।

बुद्धं दुःखं छ्या छ्या जुगु हृदयया तमाशा स्वया बिज्याइ मखु । वसपोलं व स्वयं अनुभव याना उकियात मदय्का छ्वययगु कोसिस याना बिज्याइ । दुःखी कृशा गौतमीया उदाहरण न्ह्योने दु । वं थःगु बारे धागु दु-

निर्धन भापा सकसिनं जिगु तिरस्कार यात जब जि काय् मचा बुल, सकस्यां यल । मचा सुन्दर, कोमलांग सुखं ब्वलन । व जि प्राण सिकं यः, हानं व यमलोके वन । उकिं जि गंसि ख्यूं ख्वा याना मिखां ख्वबि हाय्का च्वना । सी धुंकुम्ह मचा ज्वना ख्वख्वं उखें थुखें चा हिला जुया । सुनानं धाल-'उत्तम वैद्य बुद्धया थाय् हुँ ।' जि वना वसपोलयात धया-'पुत्र संजीवन वासः जितः ब्यु ।' वं धाल गुगु छें सुं मसीनि, अनं पःका छम्हू फ्वना हति ।' जि श्रावस्ती चा चा हिला माला, अजागु छें मलू । गनं पःका हय् फइ ? उबले जिके होश दत ।

दर्शने बज्र थें दृढम्ह बुद्ध सहानुभूति व समवेदनाय् नौनी ध्योथें नाया वनि । सारिपुत्र वसपोलया दकसिबे यःम्ह शिष्य खः । मोग्गलान वसपोलया अथे हे यःम्ह मेम्ह शिष्य खः निम्हं मानो जुम्ल्याहा दाजु-किजा थें खः । निम्हेस्यां देहान्त जुल । सारिपुत्र थःगु जन्म-ग्राम नालन्दाय् मोग्गलान राजगृहे । थ्व महान् क्षतिं सकलें प्रभावित जुल । पाटलिपुत्र (पटना) या न्ह्योने गंगाया पारी उलकाचेलया फिब्वय् च्वना भिक्षुपिं नुगः मछिंका सुंक च्वं च्वंगु खना भगवानं आज्ञा दय्का बिज्यात-

'भिक्षुपिं, जितः थ्व परिषद् सुनसान थें च्वं । सारिपुत्र व मौद्गल्यायनपिनि निर्वाण मुनिबले थ्व परिषद् जितः थथे सुनसान थें मच्वं । गुगु दिशाय् सारिपुत्र वा मौदगल्यायन वनि, इपिं निश्चिन्त जुया बनि । गथे महावृक्ष दना च्वंसाँ वया महास्कन्ध (ततःधंगु कचा) त्वधुला कुतु वं थें च्वं, अथे तथागतयात सारिपुत्र व मौदगल्यायनपिनि मृत्यु नं. खः ।'

थ्व वाक्ये बुद्धया शोकाकुल नुगः नंवाना च्वंगु दु । सच्छिदं लिपा थुपिं निम्हं महापुरूषपिनिगु अस्थि धातु भीसं आतिनि लित काय् धुन ।

छगू मेगू घटना । वैशाखया पूर्णिमा खुनु । कुसीनाराय् (वर्तमान कसिया) निमा शालवृक्षया दथुइ ग्वतुला बुद्ध निर्वाणया प्रतीक्षा याना च्वना बिज्यात । छुं हे क्षण जक बाँकी दनि अले हानं व भुवन-मोहन व्यक्तित्व न्ह्याबलेंया लागी अस्त जुइ । आनन्द नीदं नं. मयाक वसपोलया नाप नापं चा हिला जुल । थ्व अन्तिम वियोग सहन याय्त वयाके शक्ति मदु । व कोथाय् वना किले बः कया ख्वया च्वं वन । भगवानं न्यना बिज्यात 'आनन्द गन दु ?'

'कोथाय् वना ख्वया च्वन ।'

बुद्धं सःता आनन्दयात धया बिज्यात-'मखु आनन्द' शोक याय् मते, ख्वय् मते । जि ला न्हापां तु धयागु खः, व्याक प्रिय जन वा प्रिय वस्तु लिसे वियोग अवश्य जुइमाः । गुम्ह जन्म जुल, गुगु दत, व अवश्य नाश जुइ । 'हाय, थ्व नाश मजुइमा' थथे इच्छा याय्गु ठीक मजू ।'

निर्वाणया अन्तिम घडिया हे छगू घटना । बुराम्ह सुभद्रं सिल । वं विचार यात 'बुद्ध कदाचित् हानं गनं हे जन्म जुया बिज्याइ ।' वं वसपोलया थाय् वना थःगु शंका समाधान याय्गु इच्छा यात । आनन्दं धाल-मखु पासा सुभद्र, तथागतयात तकलीफ बीमते भगवान् न्यला बिज्याना च्वन ।' स्वको तक अस्वीकार जुल । सुभद्रया विनति तथागतया न्हाय्पने थ्यन । वसपोलं धया बिज्यात-'पने मते आनन्द, सुभद्रयात पने मते । सुभद्रयात तथागतया दर्शन याके ब्यु । वं ज्ञानयागु कामनां हे न्यनी तकलीफ बीगु इच्छां मखु ।'

सुभद्रं वा ८० दं दुगु तेजोमय बृद्ध शरीर खन, व म्हुतुं गुगु न्यन उकिं व कृतकृत्य जुल । सारनाथे कौण्डिन्ययात बुद्धया दकसिबे न्हापां व कुसीनाराय्सुभद्रयात दकसिबे लिपा शिष्य जुइगु सौभाग्य प्राप्त जुल ।

'धर्मोदय'

वर्ष १२, अङ्क २, (डिसेम्बर, १९५८ ई.)

ଓଓଓ

लघुकथा

अनित्य

श्रामणेर इक्पुयु चिकचाधिकः तिनि । व थःगु न्हिथंया ज्याय् तक्यना च्वन । आकाभ्राकां वयागु ल्हाःतं छगः बाँलागु ख्वलाचा कुतुं वना तज्यात ।

इक्युयु - ओहो । जिंला गुरुया दकले यःगु ख्वलाचा तछ्याना । का छु यायेगु आः । मखु आः याकनं सुचुकुचु निं यायेमाल .....।

आकाभ्राकां गुरु वहे कोठाय् द्वहाँ बिज्यात ।

इक्पुयु : गुरु । प्राणित छाय् सीगु थें ?

गुरु : थ्व ला जुये माःगु ख हे खनि । वत्स । दक्वं छन्हु मदया वनी ।

दक्वसिया थःथःगु न्हि दइ । वहे कथं थन दक्वं छन्हु मदया वनी ।

इक्पुयु : अय् उकिं हे ज्वी सखे थौं छलपोलया यःगु ख्वलाया न्हि फूगु । वला तज्यात गुरु ।

तःधिकः जुयेधुंका इक्पुयु तःधम्हं आचार्य जुल ।

- 'निप्पोनया बाखँ' पाखं

सम्पादक : बसन्तरत्न बज्राचार्य

अनुवादक : विमल ताम्राकार

ଓଓଓ

हार्दिक शुभकामना

महामानव गौतम बुद्धको जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण दिवस **वैशाख पूर्णिमा** (स्वाँया पुन्ही) को महान उपलक्ष्यमा समस्त शुभेच्छुक एवं पाठक वृन्दमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्री महाञ्जुश्री ज्यास पसः

इनाचो टोल, भक्तपुर

जिगु न्हापांगु भोजपुर-यात्रा

✍ **भिक्षु महाप्रज्ञा** (वि.सं. १९५८-२०३५)

झंगुस: व ग्वीस्वदँ सालं भोजपुरे वैच्वना ।
ार्ग पर्वत ल्वेक तमरा अरूण वैच्वन थाय्थासे ॥१॥

पाट छीत मा:गु द्वंगा नेत्र शीतल सुन्दर ।
यानु लंका अरूण तीर झासु लंका फेतुना ॥२॥

नुनु हाहां व:गु पिखुआ अधिक ख्वाउँ छीबले ।
ा:मं व:थे व:गु पिखुआ हा:गु शब्द भयंकर ॥३॥

या:गुलिं जि ल्हा ज्वनाव वस्त्र प्यासां क्वहाँ वना ।
स्वदली थें ग्या:गु जिगु मन तत्तक्योंथें जुल लखे ॥४॥

बल्ल बल्लं पार जूगु आ:तकं नं ग्या: मन ।
प्येगु हानं खंगु पिखुआ व:गु हाला: झर्झर ॥५॥

बल्ल धुंका: मेगु हानं मेगु ल्यू ल्यू पुन हनं ।
छा:गु अधिकं ख्वाउँगु अतिकं चुलुगु लोहं ल:दुने ॥६॥

तीर पिखुआ ला:गु बास गगन फांगा ल्वहँ फुस ।
ख्वाउँगु चच्छिँ खा:गु थर थर कुनाव केके चा हना ॥७॥

बल्ल थ्यंगु तँ गया च्वे स्विखामाछा पूर्व यो ।
व:गु जनपिं घ्वातु घ्वाघ्वां स्वातू स्वास्वां पातिसं ॥८॥

धर्म चर्चा जूगु नापं बुद्ध प्रतिमा नं दत ।
थेरवादं बास या:गु हेतु ध्वहे स्मृतिया ॥९॥

माघया संक्रान्ति थौं हे झिंगुस: व ग्वीस्वदँया ।
व:गु थौंहे पाजुपिनं (सिपाहीत) स्वागतादि यायेत ॥१०॥

मा:गु रूपं कुशलवार्ता (केरफेर) याये धुंका बन्धने ।
भिंगु भूमि कृष्ण बुथाय् (जेल) पुण्य यायेत सो थन ॥११॥

बन्धने दुने पुण्य वृद्धि धर्म चर्चा जूगुलिं ।
कैदी जनपिं सुखी जूगु नित्य किर्तन जूगुलिं ॥१२॥

ज्ञान गुणया नित्य चर्चा बोध जूवन कैदीपिं ।
जेल धा:सा भक्तिद्वारा पुण्यभूमि जूवन ॥१३॥

जुक्व जेले हाल सीका पाजुपिं मन खलबल ।
'मजिल थुमित तेगु जेले कैदी फुक्क स्यंकल' ॥१४॥

पित कयालि सैन्यनापं धनकुटासं छवैबिल ।
मार्ग बीचय् ज्वर वया होश छतिं मदु जिके ॥१५॥

ख्व:गु अमृतानन्द मार्गे 'यायेगु गथे जिं' धका: अन ।
'ख्वेगु मखु न्है तात । भी थौं त्याके मा:गु मार ध्व ॥१६॥

सहनशीलं धैर्य यासे मार त्याके फयेकेमा: ।
न्ह्यागु जूसां धनकुटासं थ्यंके मा:गु निश्चय ॥१७॥

सैन्यपिनि ज्या सिद्ध ज्वीवं भीत नं आनन्द ज्वी ।
शत्रु मित्र भाव मतसें मैत्री भावं त्याके मा: ॥१८॥

बल्ल थ्यन अन धनकुटाया कोट अड्डाय् बिल जिपिं ।
भाग्यमानी जुगु निंतिं पाहुना (कैदी) या रूप थें ॥१९॥

भिंन्हेन्हु तक पाजुपिंथाय् (जेले) भक्ति मार्ग खुले जुल ।
उच्च पण्डित ब्राम्हणं अन धर्म छलफल या: वला ॥२०॥

मूर्ति गणपति दय्का व स्थापना अन जूवन ।
भक्तिं अननं कैदी तेत दु:ख नं सुख थें जुल ॥२१॥

हाकिमं सैन्य खने यात

'तन्हु रेले जोगबनिया मजिल तैते थ्व निम्हं ।
सैन्य नापं छोत जिपिं जोगबनिया स्टेशने ॥२२॥

बन्धने नं ज्ञान कंकं भक्ति याका कैदीपिं ।
वना रेले कालिम्पोङ्ग थ:गु थसि च्वेवना ॥२३॥

बौद्ध ऋषि महाप्रज्ञाया आत्मकथा' पाखें

ଓଓଓ

हार्दिक शुभकामना

२५५७ औं बुद्ध जयन्तीको उपलक्ष्यमा
सम्पूर्ण नेपालीहरुमा हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछ !

भक्तपुर मिनिबस सेवा समिति

दूधपाटी, भक्तपुरि-१७

हार्दिक शुभकामना

आयु बज्र शाक्य (आयुष)
रत्न सुन्दर शाक्य

२५५७ औं बुद्ध जयन्तीया लसताय्
सकल नेपामि पिन्त भिन्तुना !

बज्र सुन्दर गहना गृह

इनाचो-६, भक्तपुर, फोन ६६१३३९०

यहाँ तयारी तथा अर्डरबमोजिम सुन-चाँदीका गहनाहरू बनाइन्छ ।

हार्दिक शुभकामना

२५५७ औं बुद्ध जयन्तीया
लसताय् सकल नेपामि पिन्त
भिन्तुना !

गणेश ज्यास पस:

बालाखु-०१-६६१०६०१, सुकुलढोका
०१-६६१५८२८, साकोठा-०१-६६११६४४

डा. पाउल करस

✍ रत्नसुन्दर शाक्य

ऐतिहासिक शाक्यमुनि बुद्धको धर्म एसिया र युरोप महादेश पश्चात् अमेरिकामा पनि विशेषत: १९ औं शताब्दीको मध्यदेखि त्यहाँका केही विद्धानहरूले यस धर्मतर्फ दिलचस्पी राख्दै आएको स्पष्ट देखिन्छ । ती विद्धानहरूमा एक प्रमुख हुनुहुन्छ -डा. पाउल करस (Dr. Paul Carus) ।

उहाँको जन्म १८ जुलाई १८५२ का दिन जर्मनमा भएको थियो । उहाँको पिता डा. गुस्ताभ (Dr. Gustav) र माता लाउरा करस (Laura Carus) थिए । उहाँको परिवार विद्धुत परिवारको रूपमा परिचित थियो । उहाँको पिता डा. गुस्ताभ पूर्वी र पश्चिमी प्रशियाका पहिलो निरीक्षक जनरल (1st Superindetendent General) थिए ।

पाउल करसले आफ्नो अध्ययनमा विशेषत: गणित र कलामा विशेष ध्यान दिनुभएको थियो । उहाँले आफ्नो अध्ययनको क्रम पोसेन र स्तेतीनपश्चात् ग्रेल्स्फवाल्ड, स्ट्रास्टवर्ग र टुविन गन विश्वविद्यालयमा पूर्ण गर्नुभएको थियो । उहाँले सन् १८७६ मा टुविन गन (Tubingen) विश्वविद्यालयबाट डी.फिल (D. Phil) गर्नुभएको थियो । यसपश्चात उहाँ ड्रसडेन (Dresden) स्थित एक सैनिक एकेडेमीमा शिक्षक नियुक्त हुनुभएको थियो जहाँ उहाँ केही वर्षमात्र रहनुभएको थियो ।

सन् १८८० को सुरूमा डा. पाउल करसले इङ्गल्याण्डको भ्रमण गर्नुभएको थियो । त्यसपश्चात उहाँ संयुक्त राज्य अमेरिकामा जानुभयो जहाँ उहाँले आफ्नो स्थायी बसोबास नै गर्नुभयो । त्यसताका उहाँ २८ वर्षका एक हृष्टपुष्ट तन्दुरुस्त शरीर, ठूलो कपाल,

डा. पाउल करस

दारीवाल, उद्धारवादी एवं विलक्षण प्रतिभाका व्यक्तित्ववान भइसकेको थियो ।

सन् १८८७ मा शिकागोस्थित जस्तापाताका उद्योपति इडवार्ड सी. हेगेलर (Edward C. Hegeler) नामक व्यक्तिले (Open Court) नामक एक पत्रिका प्रकाशन कार्य सुरू गर्नुभएको थियो जसमा विशेषत: विज्ञानसम्मत धर्म एवमं नीतिसम्बन्धी लेखहरू समावेश गर्ने प्रमुख लक्ष्य राखिएको थियो । यस पत्रिकाको निम्ति डा. पाउल करसले धेरै लेखहरू लेखे । पछि उहाँ स्वयं यस पत्रिकाको सम्पादक समेत भए । सुरूमा साधारण रूपमा केही पेजको यस पत्रिकालाई डा. पाल करसले आफ्नो विशिष्ट योग्यताअनुरूप विभिन्न धर्म एवं

नीति सम्बन्धका खण्डहरू (Columns) राखी आकर्षक किसिमसे मासिक रूपमा प्रकाशित गर्दै लगे । डा. पाउल करसको योग्यता, क्षमता आदिबाट प्रभावित भई इडवार्ड सी. हेगसरसित उनको घनिष्ठता हुँदै गयो । डा. पाउल करसले पनि इडवार्डकै पुत्री मैरीसित २९ मार्च १८८८ का दिन विवाह गरी सम्बन्ध झन् दरिलो पारे ।

सन् १८९० मा हेगेलरले पुन: 'Monist' नामक अन्य एक त्रैमासिक पत्रिकाको पनि प्रकाशन सुरू गरे । यसको सम्पादक पनि डा. पाउल करसलाई नै नियुक्त गरे । यस पत्रिकामा विशेषत: पूर्व प्रकाशित राम्रा-राम्रा लेखहरू पुन:प्रकाशित गरी संसारभरमा सो लेखहरू पुऱ्याउने जमर्कोका साथ प्रकाशित गर्दै लगेका थिए । साँच्चै नै त्यसताका (१९ औं शताब्दीको अन्ततिर) विश्वमा बुद्ध धर्म प्रचारप्रसार गर्नमा अग्रणी रहेका एक व्यक्ति डा.पाउल करस हुनुभएको थियो ।

यसैमा जब उहाँको पहिलो पुस्तक 'The Gospel of Buddha' सन् १८९४ मा प्रकाशित भयो तब त्यस पुस्तकको लोकप्रियता पनि यति बढ्यो कि केही वर्षको अवधिमै सो पुस्तकको अनुवाद एशिया र युरोपका कयौं प्रमुख भाषाहरूमा हुन गएको थियो ।

बुद्धको जीवनी एवम् उपदेशलाई सुस्पष्ट एवं प्रामाणिक रूपमा १०० वटा शीर्षकका साथ ७ खण्डमा विभाजन गरी लेखिएको यस पुस्तक मूल पुस्तक प्रकाशन भएको सालमै जापानको एक प्रमुख महास्थबिर-शकु सोयनले तैतरो सुजुकी नामका विद्वानलाई सो पुस्तक अनुवाद गर्न लगाएका थिए ।

सन् १८९५ मा Open Court Publishing Company, Chicago को तर्फबाट 'The Gospel of Buddha' (भगवान बुद्धका वचन) कृतिको जर्मन अनुवाद-जुन ई. एफ.एल. गाँसद्वारा-प्रकाशन गरिएको थियो । यस्तै यस पुस्तकको फ्रेन्च अनुवाद डा. एल.डी मिल्लोए, स्पेन भाषामा डा. फैडरिगो रोद्रिग्ज र डच अनुवाद फैलिक्स अर्थद्वारा गरिएको थियो ।

यस्तै यस पुस्तकको रूसी, इटाली, आदि भाषामा पनि धराधर अनुवाद २० औं शताब्दीको पहिलो दशकको अवधिमै भइसकेको थियो त भारतको एक प्रमुख भाषाको रूपमा रहेको उर्दूमा १९ औं शताब्दीको अन्तिम वर्षतिर लाहौर (हाल पाकिस्तान) का एक सुप्रसिद्ध वकिल लाला शीवनारायण शमीमले गर्नुभएको थियो त हिन्दी भाषामा सन् १९८७ मा आएर भदन्त आनन्द कौशल्यायनले आफ्नो ८२ वर्षको उमेरमा आँखाको कमजोरीको बाबजुद सिर्फ दुई महिनामा अनुवाद गरी त्यसै वर्ष 'सिद्धार्थ गौतम शिक्षण व संस्कृति समिति', अलिगढ, नागपुर (महाराष्ट्र) का अध्यक्ष मुन्शीलाल गौतमको तर्फबाट प्रकाशित गराउन सफल हुनुभएको थियो ।

स्मरणीय छ, डा. पाउल करसले 'the Gospel of Buddha' कृति प्रकाशन गर्नु अगाडि फ्रेडरिक मैकसमूलर (सन् १८२३-१९००) ले सन् १८७९ मा 'The Sacred Books of the East' (पूर्वीय पवित्र ग्रन्थमाला) योजनाको सुरूवात गरी यसैक्रममा कयौं बुद्ध एवं उहाँको धर्मसम्बन्धी पुस्तकहरू (धम्मपद, सुत्तनिपात, विनयपिटक, मिलिन्द प्रश्न आदि) प्रकाशनमा ल्याईसकेका थिए त सुप्रसिद्ध कवि सर इडविन अर्नाल्डले सन् १८७९ मै 'The Light of Asia' नामक काव्यात्मक बुद्ध-जीवनी लेख प्रकाशित गरिसकेको थियो ।

यस्तै इङ्ग्ल्याण्डका अन्य सुप्रसिद्ध बौद्ध विद्वान प्रो.रीस डायविड्स (सन् १८४३-१९२२) ले पनि 'Pali Text Society' स्थापना गरी सम्पूर्ण पाली-साहित्य एवं यसको अनुवाद प्रकाशन गरिसकेको फलस्वरूप युरोप एवं अमेरिकामा बुद्ध-धर्मको प्रचारप्रसार गर्नमा सुगमता आइसकेको थियो । डा. पाउल करसले उपर्युक्त विद्वानहरूको कृति एवं गतिविधिबाट प्रभावित भई आफूले पनि औपचारिक रूपमा बौद्धको रूपमा प्रत्यक्ष रूपमा धर्मान्तर नगरे पनि 'The Gospel of Buddha' जस्तो कृति प्रस्तुत गरेबाट उहाँमा बुद्ध धर्मको यथार्थ ज्ञान भएको प्रमाणित हुन आउँछ ।

अन्य स्मरणीय कुरा, सन् १८९३ को सेप्टेम्बर महिनामा अमेरिकाको शिकागो सहरमा सर्वधर्म सम्मेलन

म्पन्न भएको थियो । त्यस सम्मेलनमा भाग लिन ारतबाट हिन्दु-धर्मको प्रतिनिधिको रूपमा स्वामी विवेकानन्द (सन् १८६३-१९०२) र बौद्ध प्रतिनिधिको रूपमा 'महाबोधि सभा' का संस्थापक आगरिक धर्मपाल सन् १८६३-१९०२) र बौद्ध प्रतिनिधित्वको रूपमा भाग लिन आउनुभएका आगरिक धर्मपालसित डा. पाउल करसले त्यसैबेला सम्पर्क राख्ने अवसर पाउनुभयो । सैको प्रतिफलस्वरूप सन् १८९६ को मध्यमा डा. पाउल करसले अनगारिक धर्मपाललाई अमेरिकामा निम्त्याई बुद्ध-धर्मको व्याख्यान ठाउँ-ठाउँमा दिन लगाए । यसपटक नगारिक धर्मपाल अमेरिकामा वर्षदिन नै रहनुभएको थियो ।

डा. पाउल करसको 'The Gospel of Buddha' कृतिको प्रामाणिकता एवं महत्ताको थप जानकारी यस कृतिलाई श्रीलङ्का एवं जापानका विभिन्न बौद्धविहार एवं विद्यालयहरूमा पाठ्यपुस्तकका रूपमा प्रस्तुत गरिएबाट नि स्पष्ट हुन्छ ।

सन् १९१५ सम्ममा यस पुस्तकको १२ औं संस्करण इसकेकोबाट पनि पुस्तकको उपादेयता एवं महत्ता स्पष्ट देखिन आउँछ ।

उहाँले सन् १९१५ मा प्रकाशित १२ औं संस्करणको भूमिकामा उल्लेख गर्नुभएको छ -

'Buddhism is a religion which knows no supernatural revalation and proclaims doctrines that require no other argument than the 'come and see'. The Buddha bases his religion solely upon man's Knowledge.'

अर्थात् -

'बुद्ध- धर्म एक यस्तो धर्म हो जसको निमित्त कुनै अलौकिक दैवीशक्तिको आधारको आवश्यकता छैन र यसले स्पष्ट रूपमा घोषणा गर्छ कि 'आएर-हेर' (एहिपस्सिको' -बुद्ध-धर्मको एक गुण) भन्नु सिवाय् कुनै जोड जबरजस्ती प्रस्तुत गर्नुपर्ने आवश्यकता छैन । बुद्ध धर्मको एकमात्र आधार नै व्यक्तिको विचार स्वतन्त्रता हो ।'

डा. पाउल करसले सिर्फ 'The Gospel of Buddha' एउटा मात्र प्रमुख कृतिको रचना गर्नुभएको थिएन उहाँले बुद्ध धर्म एवं अन्य विभिन्न दर्शन साहित्यसम्बन्धी पनि झण्डै दुई दर्जन जति कृतिहरू लेखी-प्रकाशन गरी अन्तमा ११ फरबरी १९१९ का दिन ६७ वर्षको उमेरमा यस संसारबाट बिदा हुनुभएको थियो ।

सन्दर्भ

१) विश्वय् बुद्ध-धर्म-भाग ४-भिक्षु सुदर्शन चन्द्रवीरसिंह कंसाकार
पुतली सडक-काठमाडौं २५१८

२) संक्षिप्त बुद्ध-चर्चा - डा. पाउल करस
अनुवादक : डा. भदन्त आनन्द कौशल्यायन
सिद्धार्थ गौतम, संस्कृति समिति
नागपुर, महाराष्ट्र प्रदेश भारत-१९८७

३) The Western Contribution to Buddhism-William peires
Motilal Banarasidas, Patna -1973

ଓଓଓ

हार्दिक शुभकामना

२५५७ औं बुद्ध जयन्तीको उपलक्ष्यमा
हार्दिक मंगलमय शुभकामना !

बुद्धधर्मसम्बन्धी व्यवहारिक ज्ञान दिने छोटो तथा लामो अवधिको तालिम कोर्स खुल्यो ।

श्रामणेर (सानो भिक्षु) बनेर तालिम लिन सम्पर्क गर्नुहोस् ।

योग्यता संक्रान्ति बुद्ध प्रतिमास्थल वाचामढीमा बुद्धपूजा ।

- प्रत्येक शुक्ल/कृष्ण अष्टमी, पूर्णिमा र औंशीका दिन बुद्ध पूजा ।
- प्रत्येक शनिबार बिहान ६:०० बजे ध्यान शिविर ।
- समय समयमा विभिन्न तीर्थस्थल भ्रमण तथा भिक्षाटन ।

मुनिविहार

इनाचो, भक्तपुर-६, फोन ६६१६४६४
email:munivihar@hotmail.com



इटु बहालको प्रज्ञापारमिता, खस नेवार सम्पर्कको नतिजा

ओम धौभडेल

काठमाडौ उपत्यका लगायतको नेपाल मण्डलबारे बरोबर चर्चा आइरहने क्रममा नेपाल मण्डलसँग सम्बन्ध राख्ने सिम्रौनगढ र खस राज्यबारे त्यति चर्चा भएको पाइँदैन । त्यसमा पनि भौगोलिक दृष्टिकोणले अत्यन्त टाढा रहेको कर्णालीको राज्यको त थोरै मात्र जानकारी प्रकाशमा आएको सन्दर्भमा नागराज जावेश्वरले स्थापना गरेको खस राज्यको धार्मिक सम्बन्धबारे थोरै चर्चा गर्ने प्रयास यहाँ गरिन्छ । नागराजको वंशमा चाप, चापिल्ल, क्राशि चल्ल, क्राधि चल्ल, अशोक चल्ल, जितारी मल्ल रिपु मल्ल, कल्याण मल्ल, प्रताप मल्ल, पुण्य मल्ल पृथ्वी मल्ल, अभय मल्ल जस्ता खस राजाहरूले शासन गरेका देखिन्छ ।

पश्चिम नेपालको कर्णाली राज्यम ऐतिहासिक कालमै शैव धर्मको साथसाथै बौद्ध धर्मले समेत महत्वपूर्ण स्थान पाएको इतिहासले बताउँछ अझ खस राज्य स्थापना पश्चात बौद्ध धर्म सम्मानित हुन पुग्यो । नागराजको क्राचल, अशोक चल्ल

रिपु मल्ल, प्रताप मल्लहरू बौद्ध धर्मका उपासक रहेको पाईन्छ । ऐतिहासिक रुपमा अघिल्ला राजाहरूबारे बताउने कुनै स्रोत फेला नपरे पनि क्राचलका केही प्रमाणहरू महत्वपूर्ण छ । उनले आफ्नो नामसँग परमसौगात अर्थात् बुद्धका ठूला उपासक भनी लेखाएका प्रमाण मौजुद छ । त्यसो त उनी अन्य धार्मिक सम्प्रदायलाई पनि उत्तिकै आदर गर्थ्यो भन्ने प्रमाण पनि नभएको होइन ।

यस पछिका शासक अशोक चल्लको बौद्ध धर्मप्रति अगाढ आस्था रहेको पुष्टि हुन्छ । बोध गयाका एक अभिलेखमा अशोक चल्लले आफुलाई हेव्रजचरण बिन्दमधुकर विशेषण लगाएको बाट त्यस ताका कर्णाली राज्यमा हेवज्र अर्थात बज्रयान सम्प्रदायको विकास चरण अवस्थामा रहेको पुष्टि हुन्छ । विशेषगरी तान्त्रिक विधि शोधन गरि मेघ (बादल) फटाउने, पानी पार्ने, आफूलाई आवश्यक ठाउँमा पानी पार्ने, असिना पानी स्थानान्तरण गर्ने, मात्र हैन तन्त्र शोधन गरी शत्रुलाई पराजय गर्नेसमेत हेवज्रमा आउँछ । नेपाल मण्डलमा समेत साऱ्है लोकप्रिय हेवज्र कर्णाली राज्यमा समेत फैलिएको प्रमाण अशोक चल्लको यो विशेषणले पुष्ट्याइँ गर्छ । त्यसो त अशोक चल्लले यस अघि आफुलाई प्रवर महायानयायी समेत लेखाई बाट शुरुमा उनी महायान बाट प्रभावित भएको देखिन्छ । उनै महायानमा बज्रयान विक्रासक्रममा हेवज्रले ठुलो स्थान पाएको हो । उनको समयमा कश्मिरका बौद्ध विद्धान पदमसम्भव तिब्बत जाने क्रममा उनको दरवारमा आई बसेको घटनाले पनि अशोक चल्ल बौद्धधर्मका उपासक रहेको मान्न सकिन्छ ।

अशोक चल्ल पनि उनका छोरा जितारी मल्ल कर्णालीका शासक बन्ने । नेपाल मण्डलका प्रभावशाली मल्लहरूबाट प्रभावित भई उनले आफ्नो नाम पछाडि 'मल्ल' जोडन पुगे । जितारी मल्ल पछिका रिपु मल्ल, पृथ्वी मल्ल, प्रतापमल्ल जस्ता बौद्ध धर्मप्रति आस्थावान शासकहरूले शासन गरे । तर जितारी मल्लको विषयमा अलि गहिरिएर अध्ययन यसकारण छ कि नेपालमण्डलमा ने.सं. ४०७, ४०८ र ४०९ गरी लगातार तीनपटक आक्रमण गर्ने हैसियतका यी शासकले अन्य शासकले झैं अभिलेखमा कतै बौद्ध धर्मप्रतिको आस्था दर्शाएको छैन । नेपाल मण्डलमा देवनामधारी र मल्ल नामधारीबीच सत्ता कब्जाउने खेल भैरहँदा नेपाल मण्डलमाथि धावा बोली राज्यको सिमाना बढाउने राजाको रुपमा इतिहासमा चित्रण गरिएको छ । जितारी मल्लपछि उनका भतिजा रिपु मल्ल यहाँका राजा बनेको समयमा नेपाल मण्डलको भ्रमण गरी बुंगमती, पशुपति, स्वयम्भु र बुद्धको जन्मस्थल लुम्बिनी भ्रमण गरेको गोपाल राजवंशावलीमा उल्लेख छ । यसपछिका राजा अदित्य मल्ल कल्याण मल्लको विषयमा त्यति जानकारी प्रकाशनमा नआए पनि प्रताप मल्लले त राजकाज त्याग गरी भिक्षु बन्न गएको प्रमाणले बुद्ध धर्मप्रतिको मोह कतिको रहेछ स्पष्ट हुन्छ । यता प्रताप मल्लपछि नागराज वंशको अन्त भई पाल वंशको शुरुआत भएको र पुण्य पाल नै पुण्य मल्ल कहलिन पुगे । पुण्य मल्लको धार्मिक स्वभावबारे त्यति जानकारी प्रकाशमा आएको देखिँदैन । तर उनका छोरा पृथ्वी मल्ल शान्त र धर्मभिरु प्रवृत्तिका राजा थिए । उनको दुल्लुको

अभिलेख महत्वपूर्ण प्रमाण हो । त्यसबाहेक हालसालै भेटिएको एउटा प्रमाण पृथ्वी मल्लबारे बुझ्न धेरै सहयोगी हुन आउँछ । पृथ्वी मल्लबारे भेटिएको एउटा महत्वपूर्ण सूचनाले उनी नेपाल मण्डलसँग सुमधुर सम्बन्ध राख्न अझ बौद्ध धर्मप्रति आस्थावान राजा भएको तथ्य भेटिन्छ । काठमाडौं इटुं बहालमा श्रावण शुक्ल द्वादशी देखि एक हप्तासम्म बही घ: ब्वयेगु गर्ने क्रममा बहालभित्रका मूर्तिदेखि सुनले लेखेको पुस्तकसम्म प्रदर्शन गरिन्छ । उक्त पुस्तक शतसाहस्रिका प्रज्ञा पारमिता हो । जुन पुस्तक ने.सं. ४७८ भाद्र शुक्ल दशमीको दिन इटुं बहाल अर्थात श्री भास्कर देव संस्कारित श्री केशचन्द्र कृत पारावत महाविहार निवासी शाक्य भिक्षु बज्राचार्य श्री राजब्रम्हा श्रीले आफ्नी ज्योतिर्लक्ष्मी नामकी पत्नी, छोरा, नातिसमेत भई गुरु तथा उपाध्यायलगायत सबै प्राणीको उनुत्तर ज्ञान फल प्राप्तिको लागि दान गरिएको हो भनी उल्लेख छ ।

सबैभन्दा महत्वपूर्ण कुरा त ने.सं. ४७८ मा काठमाडौं इटुं बहालका बौद्ध विद्वान राजब्रम्हा श्रीलाई कर्णालीका राजा पृथ्वी मल्लले सिंजा बोलाई भिक्षु बज्रभानद्वारा शतसाहस्रिका प्रजापारमिता सार्न लगाएको र उक्त शतसाहस्रिका प्रज्ञापारमिता कान्तिपुर इटुं बहाल स्थित पारावत विहारमा प्रत्येक वर्ष गुलाँ ताका बहि घ: ब्ययेगु गर्ने क्रममा उक्त पुस्तक प्रदर्शन गर्नु पर्ने व्यवस्था भएको देखिएको बास्तवमा यसलाई विद्वान महेशराज पन्तको भनाईमा इटुं बहालको प्रज्ञापारमिता खस नेवार सम्पर्कको नतिजा हो भन्न सकिन्छ । नेवारहरूको संस्कृतिमा भौगोलिक दृष्टिकोणले अत्यन्त टाढा बसेका खसहरूको समेत दिलचस्पी छ भन्ने प्रष्ट हुन्छ ।

जितारी मल्लले ने.स. ४०७ (वि.स.) १३४४ मा पहिलो पटक नेपाल मण्डलमा आक्रमणबाट खस राज्य र यहाँका नेवारबीच प्रत्यक्ष सम्पर्क (मुठभेड) त्यसपछि उनै जितारी मल्लले ने.स. ४०८ (वि.स. १३४५ फागुनमा दोस्रो पटक, ने.स. ४०९ (वि.स. १३४६ फागुनमा तेस्रो पटक यहाँका हमला गऱ्यो ।

त्यसपछि जितारी मल्लका छोरा आदित्य मल्लले ने.सं. ४४१ वि.सं. १३७८ चैत्रमा त तत्कालिन नेपाल मण्डलको राजधानी भक्तपुरको टिबुक्छेस्थित त्रिपुर राजवासमा समेत आक्रमण गऱ्यो । उनैले पुन ने.सं. ४४६ वि.स. १३८४ फागुन चैत्रमा आक्रमण गरी यहाँका राजा रुद्रमल्लको समेत मृत्यु भयो । त्यस्तै खस राजा पुण्यमल्ले वि.सं. १३९१ मा नेपाल मण्डलमा भयंकर आक्रमण गऱ्यो । यसरी जितारी मल्लले पहिलोपटक आक्रमण गरेपश्चात् पुण्यमल्ल सम्मको ४७ वर्षको इतिहासमा नेपाल मण्डलमा ६ पटकसम्म हमला भयो । तर त्यसको बीच ने.सं. ४३३ फागुनमा खस राजा रिपु मल्ल नेपाल मण्डलमा धार्मिक यात्रामा आउनु र ने.सं. ४७८ मा खस राजा पृथ्वी मल्लले काठमाडौं इटुं बहालका भिक्षु राजब्रम्हाश्रीलाई सिंजा बोलाई सुनको मसिले लेखेको शतसाहसिका प्रज्ञापारमिता लेख्न लगाएको घटनाले बास्तवमा खस राजाहरू बौद्ध धर्म प्रति आस्थावान भएको छर्लङ्ग हुन्छ ।

ଓଓଓ

दुःख अन्त्य गर्न नै बुद्ध शिक्षा

✍ विष्णुगोपाल कुसी

संसारको वास्तविकता र सङ्घर्षमय जीवनको यथार्थताको ज्ञानबोध गर्ने महामानव एवं शान्तिका प्रतीक गौतम बुद्ध वैशाखको पूर्णिमामा जन्मेका थिए । राजपरिवारको विलासपूर्ण जीवन र साधारण जनताका सामान्य जीवनबीच धेरै असमान भएको देखेर असमानताविरूद्ध शिक्षा दिने बुद्धको शिक्षा र योगदानबारे जनताको घर आँगनमा पुऱ्याउने उद्देश्यले नेपाललगायत संसारमा विभिन्न देशमा बुद्धजयन्ती मनाईदै आएको हो । अज्ञानी र दुःखीहरूको सेवा गर्न सङ्घर्षमय जीवन बिताउने बुद्धको जन्मजयन्ती मनाउनुको अर्थ बुद्धको विचार या शिक्षा ग्रहण गर्नु हो, बुद्धको विचारलाई लागू गर्नु हो । साम्राज्यवादी देशले विश्वका सिरिया, क्युवा, प्रजग कोरिया, इरान, इराक, लिविया, अफगानिस्तानलगायतका देशमा आतङ्क मच्चाइरहेको बेला शान्तिका अग्रदूत बुद्धको विचारलाई संसारको कुना-काप्चामा पुऱ्याउनु प्रत्येक मानवको कर्तव्य हो, त्यो कर्तव्य पवित्र मनले पूरा गर्नुपर्छ । अनिमात्रै बुद्ध जयन्तीको सार हुन्छ, बुद्ध जयन्तीको अर्थ लाग्छ ।

बुद्धको विचार र शिक्षा बहुजनको हित र बहुजनको सुखको निम्ति हो, सर्वजन सुखको निम्ति होइन । बहुसङ्ख्यक जनताको सेवा गर्नु, उद्धार गर्नु नै बुद्धको विचार हो, बुद्धको शिक्षा हो । असल र इमानदार नागरिक तयार गर्नु नै उनको लक्ष्य हो । तर आजभोलि आफूलाई ठूला शक्तिशाली भनिने दलका नेताहरू बहुसङ्ख्यक जनताको सेवा, हितभन्दा सत्ता र पदको होडबाजीमा लागेका छन् । असल र इमानदार नागरिक तयार गर्नुभन्दा पनि राजनीतिलाई कमाइ खाने भाँडो बनाउनेमा कम्मर कसेका छन् । पैसाको निम्ति राजनीति गरेर पार्टी धनी बनाउने, पार्टी ठूलो बनाउने र पैसा र पदको लोभ देखाएर नेता र कार्यकर्ता तान्ने, जनता भड्काउने काम गरिरहेका छन् । तिनीहरू सत्ता र पदको निम्ति गरिने होडबाजीमा मात्र होइन सत्ता पाउन, नेता तान्न अनेक षड्यन्त्रका चलखेल गर्छन् । दलहरू बहुजनको सेवाभन्दा चुनाव उठेपछि जित्नैपर्ने र जितेपछि सरकारमा पुग्नैपर्ने लालच देखिएको छ । लोभलालच देखाएर राजनीति गर्ने, झूटको खेती गरेर जनताको मन भड्काउने दलले सही दिशा निर्देश गर्नसक्दैन, बहुजनको हित गर्नसक्दैन । बुद्धको विचारमा जनतालाई ठूला र शक्तिशालीभन्दा बहुसङ्ख्यक जनताको सेवा गर्ने समुदायको खाँचो छ । असल र इमानदार नागरिकहरूको खाँचो छ ।

बुद्धले सर्वजन हितायको कुरा नगर्नु, नउठाउनुको कारण समाजमा सताउने, दुःख दिने, लोभीपापी भएकाले हो, शोषण र दमन गर्ने, अरूको परिश्रममा रजाइँ गर्ने वर्ग भएकोले हो । तर आजभोलि जनताको सेवा गर्ने नाउँमा दलले सरकारलाई सम्पत्ति जोड्ने माध्यम बनाइएको छ, सिद्धान्त र विचार छोडेर राजनीतिमा अस्वस्थ प्रतिस्पर्धा गरिरहेको छ । यसरी बहुमत जनताको सेवा गर्ने मनसाय नभएकै कारण सरकारको नेतृत्वमा व्यक्ति फेरिए पनि संस्कार नफेरिएको हो । फलतः देशमा राजनीतिक अस्थिरता कायम रह्यो, देश अनिर्णयको बन्दी बन्यो । जहिलेसम्म देशमा राजनीतिक दलले जनउत्तरदायी भूमिका निर्वाह गर्दैनन्, तहिलेसम्म बहुमत जनताको सेवा हुँदैन, गर्नसक्दैन ।

देशमा सच्चा मानवको आवश्यकता छ । सफल राजनीतिज्ञ, दूरदर्शी नेता र बहुसङ्ख्यक शोषितपीडित जनताको सेवा गर्ने दलको खाँचो छ । सफल राजनीतिज्ञ

या नेताहरू शक्ति र पैसाको राजनीति गर्दैनन्, जालझेल र झूटको खेती गर्दैनन् । बुद्ध समुदायको सेवा गरेरै प्रसिद्ध भए । उनले दिएको बाटो, छरेको शिक्षा, सन्देश, विचार, अर्ती, उपदेश वास्तवमा वैचारिक र सांस्कृतिक क्रान्तिको निम्ति हो । २५ सय वर्ष अगाडि छरेको उनको ज्ञान, बुद्धि र विचार साधारण अवश्य होइन । त्यस समयमै दीन दुःखीहरूको सेवा गर्ने, असमानता हटाउने र मानिसलाई असल र सज्जन बनाउने विचार विशाल हृदयको उदाहरण हो । त्यसैले बुद्ध महामानव भए, दूरदर्शी भए र जनसेवक भए । बुद्ध जयन्तीमा बुद्धको पूजा पाठ गर्नुभन्दा, बुद्धको अगाडि सुगन्धित धूप बाल्नुभन्दा बुद्धको ज्ञान र शिक्षा सिक्नुपर्छ, सिकेको ज्ञान र विचार छर्नुपर्छ र विश्वभर पुऱ्याउनुपर्छ ।

राजकुलमा जन्मेका एक नागरिकले दरबार त्यागे, आमाबाबु त्यागे, धनसम्पत्ति र सुखी जीवन छोडे - गरिब र दुःखीहरूको सेवा गर्न । यो बुद्धको महानता हो । उनी दीन दुःखीहरूको सेवामा मात्र जुटेनन् आदर्शोन्मुख समाज बनाउन सबैलाई असल बनाउने काम गरे, असल बनाउन लागे । मानिस ठूला बन्न र बनाउन होइन असल र सेवक बनाउन लाग्नुको अर्थ समुदायप्रति समर्पित हुनु हो, समुदायको हितमा लाग्नु हो । समाजमा कुनै पनि लोभीपापी नहोस्, चोरीचकारी नहोस्, सबैको मन शुद्ध या पवित्र होस्, रोग र भोकबाट कुनै नागरिक नमरून्, सबै सुखी होऊन् भन्ने उनको विचार हो । यसबाट बुद्धको मन आकासझैं निर्मल र विशाल छ भन्ने थाहा हुन्छ । बुद्ध संसारमै सामाजिक र सांस्कृतिक चेतना दिएर मौलिक परिवर्तन चाहने गुरु हुन् । बुद्धले संसारका शोषित पीडित जनताको सेवा गरे, अरूलाई सेवा गर्न प्रेरित बनाए ।

उनी विवेक पुऱ्याएर न्याय अन्याय छुट्याउँथे । उनी न्यायका पक्षपाती हुन् । उनी अन्याय गर्नेलाई पनि सम्झाउँथे, बुझाउँथे र सत्मार्गमा ल्याउने प्रयत्न गर्थे । उनी अन्यायको विरोध गर्थे या अन्याय गर्नेलाई पनि सपार्थे । उनी अन्याय सहेर बस्नु हुँदैन भन्थे । अन्याय सहेर बस्ने पनि अन्यायी हुन्छ भनी उनी भन्थे । मानिसलाई आदर्शवान, नैतिकवान, चरित्रवान बनाउनु नै बुद्ध शिक्षा हो । बुद्ध जनताको आर्थिक जीवन सुधार्नुपर्छ भन्ने पक्षमा थिए । तर आर्थिक समृद्धि बनाउने नाउँमा रातारात करोडपति बन्ने तृष्णाका उनी विरोधी थिए । बुद्धले जातपातको कुरा गरेनन्, जातपातको आधारमा काखापाखा गरेनन् । तर आजभोलि नेपाललगायत अन्य देशमा जातीय राजनीति हुन थालेको छ । जातीय राजनीतिका कारण हिंसा बढ्न थालेको छ । नेपालमा पनि आफूलाई कम्युनिष्ट भनिने ठूला दलले आत्मनिर्णयसहितको सङ्घीय राज्यको माग गर्दै जातीय राजनीति गर्न थालेको छ । यो राज्यमा हिंसा भड्काउने र हिंसा भड्केर देश नै विभाजन या विखण्डनको स्थितिमा पुऱ्याउने पूर्वाधार हो । त्यो पूर्वाधार बनाउने काम कम्युनिष्ट भनिने ठूला दलले गरिरहेको छ । यसले नेपालीबीचको एकता र सदाशयतामा आँच पुऱ्याउँछ । शान्तिका प्रतीक कर्तव्यपरायण बुद्ध जन्मेको यो देशमा शान्ति बिथोल्ने र जनता भड्काउने काम गर्नु र त्यस्तो राजनीतिको बीउ छर्ने काम गर्नु मूर्खता हो, नयाँ पुस्ता भड्काउने र नयाँ पुस्तालाई दुःख दिने काम हो ।

बुद्ध अनुभवी, ज्ञाता, व्यवहारवादी र यथार्थ बुझेर वाणी दिने व्यक्तित्व हुन् । उनमा अथाह ज्ञान छ तर पनि उनले कहिल्यै घमण्ड गरेनन्, आफू नै संसारका ठूला मान्छे भनी गर्व गरेनन् । यो बुद्धको अर्को महानता हो । तर यहाँका ठूला दलका नेताहरू आफूलाई नै ठूला र शक्तिशाली ठान्छन्, आफूलाई नै सही र क्रान्तिकारी मान्छन् । आफ्नो पार्टीले मात्रै देशको नेतृत्व गर्न सक्ने दम्भ गर्छन् । कहिले आफूलाई देशको मात्र होइन संसारकै ठूला दल ठान्छन्, कहिले त्यत्रो ठूलो दललाई एक्लो पार्न खोज्यो भनी रूञ्चे भाषा बोल्छन् । कहिले मधेसीको छोरा बनेर, मधेसमा उम्मेदवार दिने बखान गर्छन्, कहिले जातजातिको कुरा उठाएर आफूलाई पहाडको छोरा ठान्छन् । कहिले विदेशी सहयोग ल्याएर मुलुकलाई समृद्ध बनाउने लालसा देखाउँछन् त कहिले देश चलाउन सक्ने पार्टी आफ्नो पार्टीमात्र भएको हुङ्कार गर्छन् । यसरी कहिले आश्वासन बाँड्ने, कहिले तर्साउने र कहिले गर्व गर्ने कुरा गरेर आफूलाई समाजमा सही भएको परिचय दिन्छन् ।

संसारमा राष्ट्रिय र अन्तर्राष्ट्रिय उच्च छवि भएका धेरै मानिस जन्मे । कुनै राष्ट्रिय छविका नेता, गुरु विद्वान जन्मे भने कुनै अन्तर्राष्ट्रिय छविका सपुतहरू जन्मे ।

गौतम बुद्ध अन्तर्राष्ट्रवादी विचारक हुन् । उनले नेपाल र नेपालीको निम्ति मात्र होइन संसारका दीन-दु:खीहरूको उद्धार गरे । बुद्ध संसारका महापुरूषहरूमध्ये एक हुन् । उनीपछि कार्ल मार्क्स, लेनिन, स्टालिन, माओ त्सेतुङ्ग देखापरे । हो चि मिन्ह, किम इल सङ, फिडेल क्यास्ट्रो देखापरे । उनीहरूले पनि जनताको स्वतन्त्रता, मुक्ति, स्वाधीनता र आत्मनिर्भर बनाउन ठूलो योगदान गरे । गौतम बुद्ध र मार्क्सहरूको उद्देश्य जनतालाई मुक्त बनाउनु नै हो, देशको स्वतन्त्रता र समृद्धिको लागि हो । देशको स्वाधीनता र समानताको लागि हो । बुद्धको विचार र मार्क्सको सिद्धान्तको ध्येय एउटै भए पनि बाटो फरक-फरक छ । मार्क्सवादको ध्येय संसारमा आर्थिक असमानता र शोषण अन्त्य गरी बहुसङ्ख्यक जनताको सेवा गर्नु हो । बुद्धको शिक्षा या विचार पनि बहुसङ्ख्यक जनताको भलो गर्नु नै हो । बुद्धले सामाजिक र सांस्कृतिक परिवर्तन ल्याउन जनताको रगत बगाएनन्, रगत बग्ने गरी सङ्ग्राम गरेनन् । तर मार्क्सले आर्थिक समानताका निम्ति द्वन्द्वात्मक भौतिकवादको सिद्धान्त प्रतिपादन गरे, वर्गसङ्घर्षबाट मुक्तिको बाटो खोजेर मुक्ति दिलाए ।

समय गतिशील छ । समयले धेरै कोल्टो फेरिसकेको छ । तर संसारमा समानताको निम्ति आवाज उठाउँदा उठाउँदै असमानको दूरी बढ्दै छ, असमानताको खाडल गहिरिँदै छ । भोक, रोग र शोकले मर्ने मानिसदेखि अरबपति, खरबपति र धनाढ्यहरू बढिरहेका छन् । एउटाले अर्कोलाई शोषण, दमन र थिचोमिचो गर्ने प्रवृत्ति बढेको छ । लोभी-पापी, घुस्याहा, कालाबजारी, कमिसनखोर र भ्रष्टाचारीहरू बढ्दै छन् । आर्थिक अनियमितता र भ्रष्टाचारकै कारण राष्ट्रपति, प्रधानमन्त्री, नेता र मन्त्री, उच्चपदस्थ कर्मचारीहरू बद्नाम भएका छन् । संसारमा अरबपति, खरबपतिमात्र होइन सामन्त, शोषक, जमिनदारहरू उत्तिकै छन् । तिनै सामन्त, शोषक र जमिनदार वर्गले बहुमत जनतामाथि शासन गरिरहेका छन्, शोषण र दमन गरिरहेका छन् । शासक र शोषितबीचको यो अन्त्य कसरी गर्ने ? असमानताको खाडल कसरी पुर्ने ? चुनौतीपूर्ण छ । के सम्झाइबुझाइ गरेर, प्रवचन गोष्ठी गरेर बहुमत जनतालाई दु:ख दिने सरकार हटाउन सकिन्छ ? के उनीहरू आफै सत्ता छोड्छन् ? के उनीहरूले आफ्नो धनसम्पत्ति त्यागेर समानताको नीति ल्याउँछन् ? के उनीहरूले समानताको नीति ल्याउँछन् भनेर जनताले जहिले पनि मार खाइरहने, पीडा सहेर बस्ने ? सानातिना सुधार गरेर कसरी देशमा समानता ल्याउन सकिन्छ ? सम्झाइबुझाइ गरेर सामन्त, शोषक, जमिनदारले आफ्नो सम्पत्ति छाड्ने छैनन् । यो अर्को वस्तुसत्य हो । यो आमूल परिवर्तनविना सम्भव छैन । परिवर्तनका निम्ति चेतना आवश्यक छ, सङ्गठन आवश्यक छ विचार आवश्यक छ । त्यस्तो स्थितिमा सङ्घर्ष नै अर्को विकल्प हो । मार्क्सले वर्गसङ्घर्षको सिद्धान्त प्रतिपादन गर्नुको कारण पनि त्यही हो । यसको अर्थ बुद्धको ज्ञान, विचार, उपदेश, अर्ती काम लाग्दैन भनेको होइन । परिवर्तन गर्न बुद्ध शिक्षा आवश्यक छ त्यसलाई साथ र सहयोग गर्न सङ्घर्ष पनि आवश्यक हुन्छ ।

बुद्धले जनताको आर्थिक जीवन सुधार्न जोड दिए । जनतालाई काम-मामको व्यवस्था भयो भने आम्दानीको स्रोत उपलब्ध हुन्छ र आर्थिक चिन्ताबाट मुक्त हुन्छ । खेती किसानलाई आवश्यक सामान र बीउ, व्यापारीलाई पूँजी र साधन र सुरक्षा, जागिरदार (मजदुर) लाई खान लाउन पुग्ने गरी तलब र भत्ताको बन्दोबस्त गरिनुपर्छ भन्ने विचार बुद्धको हो । तर पुस्तौं पुस्तासम्म पनि त्यो बन्दोबस्त भएन भने जनता कसरी जिउने ? बहुमत जनता जहिले पनि कति पिल्सिएर र आँसु पिएर बाँच्ने ? त्यसैले वर्गसङ्घर्षको सिद्धान्त प्रतिपादन गरिएको हो । वर्गसङ्घर्षले मात्र आमूल परिवर्तन गर्नसकिन्छ भन्ने विचार आएको हो । सङ्घर्षविना असमानता हट्छ, गरिबी हट्छ, शोषण दमन हुँदैन भने वर्ग सङ्घर्ष आवश्यक हुँदैन । तर वर्ग सङ्घर्षविना त्यो सम्भव छैन । वर्ग सङ्घर्षबारे पनि संसारमा बहसको विषय बनाउन सकिन्छ । बुद्धको शिक्षामा पनि आर्थिक, सामाजिक र राजनीतिक जीवनबाट अलग छैन । सुख हुन पवित्र विचार चाहिन्छ, नि:स्वार्थी हुनुपर्छ र मानिसको हृदय परिवर्तन हुनुपर्छ भन्ने विचार बुद्धको हो । त्यो विचार आमूल परिवर्तन गर्न या वर्गसङ्घर्ष गर्न पनि आवश्यक छ ।

ॐॐॐ

धर्म र जीवन दर्शन

✍ डी.आर. शाक्य "ऋषि"

धर्म एक साधना हो भने अर्को अर्थमा कर्तव्य, नियम, आचरण एवं अनुशासन पनि हो । तद अनुसार जीवन जगत सञ्चालन हुनु नै धर्म हो । त्यसैकारण धार + यति अर्थात् धारण गर्नु नै धर्म भनिएको हो । त्यसैको आधारमा हाम्रो समस्त जीवन जगत वा जीव चराचरहरू एवं सम्पूर्ण उत्पत्ति विनासजस्ता आदि इत्यादि नै धर्म भएको छ । यी नै नियतिभित्र हाम्रो मानव जीवन पनि सञ्चालित भएकोले त्यसलाई हेर्ने ज्ञान चक्षुलाई दर्शनको रूपमा लिन सक्छौं भने त्यसलाई हामी धर्म र जीवन दर्शनको रूपमा पनि लिन सक्छौं ।

सामान्य रूपले हामीले देखिएका कुराहरूमा मानिसहरू जन्मिन्छ, बाल्य, जवान, वृद्ध, रोगी एवं मृत्यु हुन्छ । त्यसलाई एउटा आध्यात्मिक दर्शनले हेर्दा खेरी सवाल उठ्छ । मानिस किन कसरी जन्म भयो ? अर्थात् त्यतिका संसार कसरी संरचना भयो ? हिन्दू धर्मको विश्वास हुनेले भन्छ - यो संसार ब्रम्हाजीले श्रृष्टि गरेको हो ।

त्यस्तै बौद्ध धर्मका बज्रयान पक्षले भन्छ यो संसार श्रृष्टिकान्ता लोकेश्वरले श्रृष्टि गरेको हो । इशाई धर्मका पक्षले परमेश्वरले श्रृष्टि गरेको भन्छ । इस्लाम धर्मका पक्षले भन्छ अल्लाहले श्रृष्टि गरेको हो । त्यस्तै गरी भौतिकवादी दृष्टिकोणले पनि द्वन्द्वात्मक भौतिकवादको नियम अनुसार संसार बनेको भन्छ । त्यतिका कुराहरूमध्ये वैज्ञानिक आधार अवश्य पनि द्वन्द्वात्मक भौतिकवाद अनुसार भएको मान्न सक्छौं तर त्यसमा पनि पर्याप्त छैन कि जस्तो लाग्छ किनकि संसारको उत्पत्ति र विनाससम्बन्धी एक अर्कोसँग संसर्ग र तकरावबाट उत्पत्ति र विनास अवश्य हुन्छ भन्ने कुरा द्वन्द्वात्मक भौतिकवाद अवश्य हो । तर त्यसको लागि संयोग (योजना) भएको अर्थात् चित्त प्रवाह भएकोले भौतिक भन्न नमिल्ने भएकोले बुद्ध दर्शन अनुसार त्यसलाई हेतु-प्रत्यय भनिन्छ । अर्थात् कार्य र कारण पनि भनिन्छ । चित्त र चैतसिक कारणबाट अनेक चित्तवृत्त उत्पन्न हुने अर्थात् एक पछि अर्को चित्त उत्पन्न भई कर्मेन्द्रियलाई क्रियाशील बनाई यावत् काम हुन्छ । त्यो कार्य भौतिक र अभौतिक हो । जुन कार्य आफैमा निहित छ ।

बुद्धवादको अर्को विश्वास कर्मवाद पनि हो ।

मानिसहरूले आफ्नो कुशल र अकुशल मनोवृत्तिको कारणले अर्थात् रोग, द्वेषको कारणले राम्रो र नराम्रो अर्थात् कुशल र अकुशल कार्य गरिन्छ । त्यसैले गर्दा संस्कार निर्माण गरिन्छ भने सोही अनुसार कर्म फल पाउने गर्छ । वसल सुत्रमा भगवान बुद्धले भन्नुभएको छ । कर्मको विषयमा नजच्चा वसलो होति, नजच्चा होति ब्राम्हणो ।

कम्मना वसलो होति, कमना होति ब्राम्हणो ॥

अर्थ:- कोही व्यक्ति जन्मले चाण्डाल हुँदैन भने जन्मले ब्राम्हण पनि हुँदैन ।

कर्मले नै चाण्डाल र कर्मले नै ब्राम्हण हुने हो ।

त्यसैकारण बुद्धवादले सतकर्मको लागि मानव जीवनमा गर्नुपर्ने काम र विचार वा केल्श रहित चित्त बसिभूत गर्न बुद्धका ज्ञान दर्शन जीवन दर्शनको लागि

सद-निर्देशित गर्दछ । तथापि दुःख निरोधको लागि प्रशस्त मार्ग बन्छ ।

संसारमा धेरै मानिसहरू सर्वप्रथम अविद्या : (दुःख र दुःख मुक्तिको बाटो नदेखिने नबुझ्ने) को कारणले नै भवचक्र निर्माण गर्छ । जसबाट एकपछि अर्को गरी घरनिर्माण गर्न इँटा थप्दै जाने गरे जस्तै संसारचक्र (भवचक्र) को जालो तयार हुँदै जान्छ । जसलाई प्रतित्यसमुत्पाद भनिन्छ ।

प्रतित्य समुत्पाद !

१) अविद्या : दुःख र दुःखको कारण नबुझ्ने
२) संस्कार : कर्म अनुसार परिणाम पाउने (फल विपाक)
३) विज्ञान : चेतना राम्रो, नराम्रो
४) नाम, रूप : मन, शरीर (भौतिक अभौतिक)
५) षदायत : शरीरका ६ इन्द्रियहरू
६) फस्स : स्पर्श, आलम्बन
७) वेदना : अनुभव, राम्रो, नराम्रो/सुख, दुःख
८) तृष्णा : आशक्ति, चाहना
९) उत्पादन : अनुराग
१०) भव : अस्तित्व, घर
११) जाति : जन्म
१२) जरा, व्याधि, मरण : वृद्ध, रोगी र मृत्यु

यी नै कारणले संसारचक्र (भवचक्र) निर्माण हुन्छ । यसैले गर्दा अनित्य, दुःख अनात्म हुन्छ अर्थात् दुःख समुदय (दुःखको उत्पन्न हुने बाटो) बन्छ ।

बुद्ध उत्पन्न हुनु अगाडि :

२६०० अगाडि बुद्ध उत्पन्न हुनु अगाडि मानिसहरूलाई दुःख छ भनेर त थाहा थियो तर ती दुःख कसरी उत्पन्न भयो भन्ने कुरा थाहा थिएन अर्थात् धर्म र जीवन दर्शन देखेनन् । बुद्ध आउनु भएपछि उत्पत्ति र विनाशको कारण र मुक्तिको उपाय प्रमाणित गरेर देखाउनुभएपछि बुद्धले आफूले पाएका ज्ञान दर्शन आफूसँगै तपस्याको बेलामा रहेका पाँच जना तपस्वीहरू (कौडण्य, माहानाम, भद्रिय, वप्प, अस्सजीत) लाई सुनाउनुभयो । जसलाई धर्मचक्र प्रवर्तन भनिन्छ । उक्त धर्मचक्र प्रवर्तनमा सर्वप्रथम बुद्धले दुःख आर्यसत्यसम्बन्धी १) जन्म हुनु, २) वृद्ध हुनु, ३) रोगी हुनु, ४) मृत्यु हुनु, ५) अप्रियहरूसँगै बसिरहनुपर्ने, ६) प्रियहरूसँग छुट्टिएर बस्नुपर्ने, ७) इच्छाइएका कुरा पूरा नहुनु, ८) संक्षिप्तमा पञ्च उपादानस्कन्ध शरीर धारण गरेर बस्नुपर्ने (रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान स्कन्ध) दुःख हो भन्नुभयो । आखिर यी दुःखहरू कसरी उत्पन्न भयो भन्ने कुरामा मुख्यतः तृष्णाले पुनरभव गराउँदो रहेछ । वास्तवमा यी नै तृष्णालाई जागृत गराउने काम अविद्या भएकोले यसैले एकपछि अर्को गर्दै संस्कार, विज्ञान, नाम रूप, षदायतन, कस्स, वेदना, तृष्णा, उपादान, भव, जाति, जरा व्याधि मरण हुन्छ ।

यसैले सबै प्रकारका दुःख उत्पत्ति हुन्छ । यसको मुक्ति भनेको निर्वाण हो । यो नै दुःख निरोध आर्य सत्य हो । त्यसको लागि दुःख निरोध हुने मार्ग आर्य अष्टाङ्गिक मार्ग अपनाउनुपर्छ जुन यसप्रकार छन् ।

१) सम्यक दृष्टि (सही दृष्टि)
२) सम्यक संकल्प (सही संकल्प)
३) सम्यक वचन (सद-वचन)
४) सम्यक कर्म (सत-कर्म)
५) सम्यक आजीव (सही जीविका)
६) सम्यक व्यायाम (सही मेहनत)
७) सम्यक समाधि (सही एकाग्रता)

यसलाई शील, समाधि, प्रज्ञा पनि भनिन्छ । यसलाई जीवनमा अपनाउँदा माथिका सबै प्रकारका दुःखबाट मुक्त भएर जन्म, मरणबाट मुक्त हुने निर्वाण पद लाभ हुन्छ भनेर पाँचजना तपस्वीहरूलाई सुनाएपछि यिनीहरूमध्ये ज्येष्ठ तपस्वी कौडण्यले हर्ष विभोर भई भन्नुभयो, 'यं किञ्चि समुदये धम्म, सब्व तं निरोध धम्म' जुन उत्पन्न हुन्छ त्यो निरोध पनि हुन्छ' भनेर धर्म दर्शनका ज्ञान लाभ भएपछि बुद्धले साधु ! साधु ! साधु ! भन्दै कौडण्यले ज्ञान लाभ गर्नुभयो भनेर भन्नुभयो । पछि

पाँचै जनाले बुद्धले पाएका ज्ञान दर्शन पाएपछि एक दिन यी नै पञ्चभद्रिय भिक्षुमध्ये कान्छो आयुस्मान अस्सजित भिक्षाटनमा गइरहेको बेलामा नयाँ ज्ञानको खोजीमा रहेका उपतिस्स परिब्राजक (पछि बुद्धका अग्रश्रावक भिक्षु सरिपुत्र हुने) ले भिक्षाटनमा रहेका भिक्षुको शालिनताबाट आकर्षित भई नयाँ ज्ञानको कुरा पत्ता लगायो जुन भिक्षु अस्सजितले भन्नुभयो 'हे धम्मा हेतु पभाह, तेसं हेतु तथागतो ।
तेसंचयो निरोध एवंवादी माहा समन्वति ॥
अर्थ :
तथागत भन्नुहुन्छ हेतुद्वारा उत्पन्न हुन्छ । हेतु द्वारा नै निरोध हुन्छ भन्ने कुरा माहा श्रमणको बाद हो ।'

भरखर मात्र संक्षिप्त रूपले ज्ञान लाभ गर्नुभएका आयुस्मान अस्सजितको संक्षिप्त ज्ञानको कुराले नै निकै ज्ञान बुझ्नुभई उपतिस्स परिब्राजक सँगै आफ्नै मिल्ने साथी कोलित परिब्राजकलाई पनि बुद्धकहाँ गई बुद्धका प्रमुख अनुगामी हुन सफल भए । जसले धर्म र जीवन दर्शनलाई राम्ररी बुझिए । उनीहरू साँचै जीवन मुक्त पनि भए । त्यसैकारण कतिपय वैदिक ऋषिमुनिहरूसमेत आफूले जतिसुकै कर्म अनुस्थान गरिए तापनि वास्तविक रूपले धर्म र जीवन दर्शन नदेखेका कारण कति वैदिक मन्त्र उच्चारण गरे :
'असतो मा सदगमय ।
तमसो मा ज्योतिर्गमय ।
मृत्योर्मा अमृतं गमय ॥'
अर्थ :
मलाई असत्यबाट सत्यमा पुऱ्याइदेऊ ।
मलाई अन्धकारबाट उज्यालोमा लगिदेऊ ।
मलाई मृत्युबाट जोगाई अमृततर्फ लगिदेऊ ।
तर पनि भवचक्रबाट मुक्त हुन सकेनौ । सत्य ज्ञान पाएनौ । अन्धकारबाट जीवन मुक्त हुन सकेनौ । जन्म मरणको भुमरीबाट मुक्त हुने अमृत ज्ञान लाभ गर्न सकेनौ । मात्र आसिका गर्दै जीवन सकिँदै गएको थाहा पाएर बुद्धले आफूले पाएका ज्ञानले अविधानष्ट भयो । अन्धकार नष्ट भयो । अमृतको द्वार खोलियो भनिएको कुराले कति तत्कालीन बौद्धिक ऋषिमुनीहरूसमेत बुद्धको शरणमा गई वास्तविक धर्म र जीवन दर्शन साक्षात्कार गरी जीवन मुक्त भएर गए । वास्तवमा यी नै बुद्धका ज्ञान दर्शन नै मानवीय जीवन दर्शनको रूपमा लिन सक्छौं ।

ଔଔଔ

आर्य अष्टाङ्गिक मार्ग

क) सम्यक दृष्टि (ठीकसँग बुझ्नु)
ख) सम्यक संकल्प (ठिक उद्देश्य)
ग) सम्यक वाणी (ठीक वचन)
घ) सम्यक कर्मान्त (ठिक जीवन)
ङ) सम्यक व्यायाम (ठिक प्रयत्न)
च) सम्यक स्मृति (ठिक होस)
ज) सम्यक समाधि (ठिक एकाग्रता)

तथागतले देखाउनुभएको मध्यम मार्ग यही हो, जसले ज्ञानरुपी आँखा खोलिदिन्छ ।

साभार : बुद्ध र उहाँको धर्म

बुद्ध धर्म

✍ तुल्सीकाजी मानन्धर

आजभन्दा २६३७ वर्ष अगाडि अथवा परम्परा अनुसार ई.पू. ६२४ मा नेपालको पश्चिम तराई लुम्बिनीमा बैशाख पूर्णिमाको दिन सिद्धार्थ गौतमको जन्म भएको थियो । विश्वको जताततै ठाउँमा हत्या-हिंसा वर्णभेद छुवाछूत जस्ता अन्धविश्वासको जरो गाडिराखेको थियो ।

त्यसबेला सारा समाजमा भय-त्रास, अशान्ति, असमानता जस्ता दुःखले ग्रस्त थियो । जुनकुरा सिद्धार्थ गौतमले ग़हिरिएर अध्ययन-मनन गर्नुभयो । प्राणीहरूको दुःख कष्ट देखेर, सिद्धार्थ स्वयं दुखी हुनुभयो । कपिलवस्तु (तिरौलाकोट) दरबारमा सुखसयलमा रहेर पनि उहाँले प्राणीहरूको दुःखकष्ट कसरी हटाउन सकिन्छ भन्ने सोच विचार गर्नुभयो । सबैको दुःख मुक्तिको लागि सधैं चिन्तामग्न थियो । सिद्धार्थको २९ वर्षको उमेरमा एक दिन दुःख मुक्तिको बाटो खोज्न महाभिनिष्क्रमण (गृहत्याग) गर्नुभयो । नदीको तीरमा कपाल खौरी राजकी पोसाकलाई त्याग गरी काषायवस्त्रय धारण गरी भिक्षु जीवन सुरू गर्नुभयो । उहाँले त्यसताकाका प्रसिद्ध धर्मगुरुहरूको संगत गर्दै जानुभयो ।

आलारकालामसँग 'आकिंच्चन्यायतन' र उद्धकराम पुत्रसँग 'नैवसंज्ञानासंज्ञायतन' ध्यान विधि सिक्नुभयो । तर त्यसले सांसारिक मुक्त हुने लक्षण उहाँले देख्नुभएन । त्यसपछि उहाँ स्वयंले वा स्वप्रयासले पिपलको वृक्षमुनि दृढ अधिष्ठान गरी ध्यानमा बसेर बैशाख पूर्णिमाको दिन बोधिज्ञान लाभ गर्नुभई 'बुद्ध' हुनुभयो ।

दुःखीहरूको उद्धारको लागि र मानवकल्याणको लागि भिक्षु संघसहित 'बहुजन हित र बहुजन सुख' को लागि गाउँ-निगम र नगर-नगरमा चहार्दै ४५ वर्ष शिक्षा (धम्म) दीन-दुःखीहरूको निम्ति उद्धार गर्नुभयो । उहाँको शिक्षालाई कालान्तरमा 'बुद्ध-धर्म' भनियो ।

बुद्धले आफ्नो समुदायका (भिक्षु-भिक्षुणीहरू) ब्राम्हणदेखि शुद्रसम्मलाई समावेश गर्नुभयो । सबै जातजातिका अनुयायीहरूले दुःख मुक्तको अवस्था

अर्हतत्वसम्म प्राप्त गरे । उहाँले शिक्षा दिने क्रममा गृहस्थ जीवनको निमित्त अत्यावश्यक शिक्षा वा सुख-शान्तिपूर्वक जीवन बिताउन सजिलो हुने शिक्षा 'सिंगालोवादसूत्र' र 'व्याघ्रपज्जनसेठसूत्र' मा प्रशस्त मात्रामा पाइन्छ । त्यस्तै मानिसहरू पतन हुनबाट बच्ने उपायको रूपमा 'पराभव सूत्र' देशना गर्नुभएको थियो ।

मानिसहरूको मनको विकार हटाई निर्मल चित्त बनाउने 'विपश्यना ध्यान' विधि पनि सिकाउनुभयो । शील-समाधि र प्रज्ञाद्वारा राग, द्वेष र मोहबाट मुक्त हुने सही बाटो देखाउनुभएको थियो । उहाँ (बुद्ध) द्वारा देशित उदेशहरू ८२ हजार धर्मस्कन्धर उहाँका श्रावकहरूबाट २ हजार धर्मस्कन्ध गरी जम्मा ८४ हजार धर्मस्कन्ध संग्रह 'त्रिपिटक' को रूपमा हाम्रो सामु प्रस्तुत छन् । जुन विश्वको प्रायः सबैजसो देशहरूमा प्रचार-प्रसार भइराखेका छन् ।

बुद्धलाई चिन्न र धर्मलाई बुझ्न उहाँको धर्मका गुणहरूलाई पनि एकपटक स्मरण गरौं -

'स्वाखातो भगवता धम्मो, सन्दिटीकी, अकालिको, एहिपस्सिको, पच्चतं वेदितब्बो विञ्ञूहिइति'

१) **स्वाखातो (स्वाखात)** : बुद्धका जति पनि शिक्षाहरू (उपदेश) छन्, ती सबैलाई परियति धर्म (शिक्षा) भनिन्छ । सु-आख्यात (स्पष्टसँग व्याख्या भएको) रहेको छ । यस धर्मबाट आरम्भ, मध्य र अन्तसम्म कल्याण कारक हुन्छ । भूत, वर्तमान र भविष्यलाई सुधार गर्ने भएकोले कल्याण कारक छन् । दुःखलाई पन्छाई मुक्त अवस्थामा पुऱ्याइदिने किसिमले स्पष्ट व्याख्या भएकोले 'स्वाखातो' भनिएको हो ।

२) **सन्दिट्ठिको (सांदृष्टिक)** : नौ प्रकारका लोकोत्तर धर्मलाई आर्य पुद्गलहरूले स्वयं देख्न योग्य र प्रशस्त दृष्टिले संसारचक्रको भयलाई रोक्दछ । त्यसैले दृष्ट नै संदष्ट हो र संदृष्टको योग्य हुनाले 'सांदृष्टिक' भनिन्छ, अर्थात् यस धर्म पालनबाट यहाँको यही नै फल प्राप्त गर्न सकिने धर्म हो ।

३) **अकालिको** : समय नबित्दै फल दिने १) दुःखसत्य, २, दुःख समुदय सत्य, ३) दुःख निरोध सत्य र ४) दुःख निरोध प्रतिपदा मार्ग सत्य (चार आर्य सत्य) अकालिक धर्म हो ।

४) **एहिपस्सिको** : आऊ यस धर्मलाई आएर हेर भन्न सकिने किसिमको, यो धर्म विधि योग्य भएको हुनाले, सबैले प्रयोग गरेर हेर्न सकिने हुनाले 'एहिपस्सिको' भनिएको हो ।

५) **ओपनय्यिको** : चार मार्ग र चार फल (श्रोतापन्न, सकृदागामि, अनागामि र अर्हत) साक्षात्कार गरी निर्वाणसम्म पुऱ्याउने भएकोले ओपनाय्यिको भनिएको हो ।

६) **पच्चतं वेदितब्बो विञ्ञूहि** : विज्ञजनहरूले आफैले जान्न योग्य वा आफू स्वयंले अनुभव गरी जानी बुझिलिन योग्य भएकोले 'पच्चतंवेहितब्बो विञ्ञूहि' भनी भनिएको हो ।

यसरी बुद्धका धर्ममा गोप्य (गुरु मुष्ठि) कुरा कहीं पनि छैन, यदि छ भने त्यो बुद्ध धर्म होइन । यस धर्मलाई 'पञ्ञावतसधम्म' पनि भनिन्छ अर्थात् प्रज्ञावानहरूको धर्म भनिन्छ ।

अन्तमा बुद्ध नेपालमा नै जन्म भएको प्रमाणहरू यथेष्ट छन् । मात्र हामी नेपालीहरूले गर्वका साथ उहाँका अमूल्य शिक्षाहरूलाई अध्ययन मनन गरी यो मार्ग (बाटो) मा लागि प्रगति गर्नु मात्र बाँकी छ । सरकारले पनि 'बुद्धभूमि-नेपाल' को बारेमा विश्वसामु व्यापक प्रचारप्रसार गरी विश्वको ध्यान नेपालतिर केन्द्रित गरी प्रशस्त मात्रामा पर्यटकहरू भित्र्याउन सक्नुपर्छ । अन्यथा 'माल पाएर के गर्नु चाल पाए पो !' भन्ने उखान जस्तै 'लुम्बिनी' को महत्व थाहा नपाए केही हुने वाला छैन । यस कुरालाई राम्ररी मनन गर्नुपर्दछ ।

"भवतु सब्ब मंगलं"

मनुष्य जीवन सफल पार्ने सूत्र- चार ऋद्धिपाद

✍ ज्ञानबहादुर मानन्धर

यस संसारमा ६/७ अर्ब जति मानिसहरू छन् । प्रत्येक मानिसहरूले आ-आफ्नो जीवन सफल होस् भन्ने चाहना राख्दछन् । सफल हुने मानिसहरूलाई समाजले आदरभाव राख्ने उनीहरूकै गुणगान गर्ने भएकोले सबै मानिसहरू सफल हुन चाहन्छन् । तर चाहेर मात्र पनि सफल हुन सकिँदैन । यसको प्रमुख कारण सफलताको आधार थाहा नपाउनु र थाहा पाएर पनि त्यसलाई प्रयोगमा ल्याउन नसक्नु हो । भगवान बुद्धले सबै मानिसहरूलाई सफलता प्राप्त गर्नको लागि धेरै सूत्रहरूको देशना गर्नुभएको छ । उहाँको शिक्षाहरू सबै मानिसहरूको जीवनमा सफलता प्राप्त गर्ने विषयमा नै केन्द्रित रहेको हामी पाउँछौं । बुद्धले मानव जीवन सफल पार्नको लागि दिनुभएका थुप्रै उपदेशहरूमध्ये चार इद्धिपाद वा ऋद्धिपाद पनि एक हो । यी चार ऋद्धिपाद भनेको सफलता प्राप्त गर्नका लागि प्रत्येक व्यक्तिले आफूमा विकसित गर्नुपर्ने चार सूत्रहरूको रूपमा रहेका छन् ।

१) सफलताको पहिलो सूत्रको रूपमा प्रत्येक मानिसहरूले आ-आफ्नो हृदयमा जगाउनुपर्ने इच्छा शक्तिलाई लिएको छ । जुनसुकै कामहरू गर्दा पनि भित्री हृदयदेखि प्रसन्न (खुसी) भएर काम गर्नुलाई सफलताको प्रथम आधारका रूपमा लिइन्छ । जुनसुकै काम पनि रूचिपूर्वक सम्पादन गर्न सकेमा छिट्टै सफलता प्राप्त गर्न सकिन्छ । घरायसी काम होस् या सामाजिक, धार्मिक कार्य होस्, व्यापार व्यवसाय होस् या पढाइ-लेखाइको काम होस् जुनसुकै कार्य गर्दा पनि मैले एकदम महत्वपूर्ण काम गरिरहेको छु भनेर रूचिपूर्वक र पूर्ण निष्ठाका साथ काम गर्न सके त्यस कामबाट सन्तोष मिल्ने र नतिजा पनि राम्रो नै निस्कने हुन्छ । यसरी रूचिपूर्वक काम गर्ने गुण वा क्षमतालाई बुद्धले छन्द ऋद्धिपाद भन्नुभएको छ । यसरी रूचिपूर्वक काम गर्ने प्रवृत्तिले मानिसहरूलाई मेहनती बनाउँछ र यसले गर्दा कार्यक्षेत्रमा आइपर्ने विभिन्न बाधा अड्चनहरूलाई पन्छाई सफलतातिर उन्मुख हुने तवरले कार्यमा निरन्तर लाग्न सकिन्छ । छन्द ऋद्धिपादले कार्यहरूमा सफलता हासिल गर्न सक्दो मेहनत गर्नुपर्छ । अरूले गरिदिए राम्रो हुन्थ्यो भन्ने इच्छा पालेर बस्नुभन्दा आफूले नै प्रयास गरेर त्यस कामलाई गरिछाड्ने भित्री प्रेरणा आत्मविश्वास बढ्ने हुन्छ । फलस्वरूप भविष्यमा जुनसुकै काम पनि विना हिच्किचाहट गर्न सक्ने गुणहरूको विकास हुन्छन् ।

२) सफलताको दोस्रो सूत्रको रूपमा निरन्तर प्रयासलाई लिइन्छ । कामहरू गर्ने क्रममा सफलता नहुञ्जेलसम्म आफ्नो बल र शक्ति लगाएर मेहनतपूर्वक गर्न सक्नुपर्दछ । निरन्तर प्रयास गर्न सके मात्र सफलता हात लाग्ने हुन्छ । यसरी कार्यहरूमा निरन्तर लाग्ने प्रवृत्तिको विकास गर्ने कार्यहरूलाई वीर्य ऋद्धिपाद भनिन्छ । विद्यार्थी भाइबहिनीहरूले गृहकार्य गर्नु छ भने उनीहरूले त्यसलाई मेहनतपूर्वक गर्ने बानी बसाल्नुपर्दछ । तर मेहनतपूर्वक प्रयास गर्ने बेलामा मनमा कुनै किसिमको तनाव लिनु हुँदैन र सन्तुलित मनले त्यस काममा लाग्नुपर्दछ । त्यसकारण आ-आफ्नो काममा सक्रिय रूपमा प्रतिबद्ध भएन भने सफल हुने सम्भावना धेरै कम हुन्छन् । त्यस्तै सामान्य मानिसहरूले आफ्नो गरिबी हटाउनु छ भने उनीहरूले निरन्तर प्रयास गर्नुपर्दछ । मेहनत, कोसिस, प्रयास र निरन्तर प्रयत्नबाट मात्र काममा सफलता हात लाग्ने हुन्छ भने मानसिकताको विकास गर्नुपर्छ ।

३) तेस्रो ऋद्धिपाद वा सफलताको सूत्र हो - चित्त ऋद्धिपाद । चित्त ऋद्धिपाद भनेको काम गर्दा जहिले पनि सजग भएर गर्नुलाई भनिन्छ । जुनसुकै कार्य चाहे त्यो ठूलो होस् वा सानो सजग भएर वा होसियारीपूर्वक गर्नुपर्दछ । हाम्रो मनलाई त्यसकामप्रति सजग र सक्रिय राख्नुपर्छ र उद्देश्य प्राप्त नभएसम्म होसियारीपूर्वक गर्दै जाने प्रयत्न गर्नुपर्दछ ।

४) चौथो सफलताको सूत्र हो विमर्शन ऋद्धिपाद यसको अर्थ हो खोज वा अनुसन्धान । विना अनुसन्धान कुनै पनि कार्य पूर्णरूपमा सफलिभूत हुँदैनन् । खोज र अनुसन्धान गर्दै काम गरेमा त्रुटीहरू न्यून हुन्छन् । यसलाई प्रज्ञापूर्वक कार्य गर्नु पनि भन्न सकिन्छ । कामहरू गर्दा जहिले पनि के गरिरहेका छौं भनेर हामीले बुझ्नुपर्दछ । मेहनतपूर्वक काम गरेर मात्र पुग्दैन त्यस कामबारे बुद्धिमतापूर्वक खोज एवं अनुसन्धान गर्न सक्नुपर्छ त्यसपछि मात्र पूर्ण सफलता प्राप्त गर्न सकिन्छ ।

अन्तमा सबै मानिसहरूले यसरी सफलताका लागि माथिका चार आवश्यक सूत्रहरू (गुणहरू) आ-आफ्नो चित्तमा विकास गर्नुपर्छ र त्यसलाई कसरी दैनिक कार्यकलापमा प्रयोग गर्ने भन्ने आवश्यक जानकारी हुनुपर्दछ । अत: सफल हुन चाहने प्रत्येक मानिसहरूले यसरी आ-आफ्नो दैनिक जीवनमा जुनसुकै कार्यमा सफलता प्राप्त गर्न एकपटक यसलाई चिन्तन, मनन गर्नुपर्दछ जस्तो लाग्दछ । अत: हामीले बुद्धका शिक्षाहरूमा उपयुक्त विभिन्न इद्धिपाद वा ऋद्धिपादलाई सफलतापूर्वक काम गर्ने प्रभावकारी औजारका रूपमा लिनसक्नुपर्दछ ।

- (भवतु सब्ब मंगलं) -

हार्दिक शुभकामना

२५५७ औं
बुद्ध जयन्तीको उपलक्ष्यमा
सम्पूर्ण ग्राहक महानुभावहरुमा
हार्दिक मंगलमय शुभकामना !

धर्मराज एण्ड सन्स्
अर्नामेन्टस्

इनाचो-६, भक्तपुर, फोन ६६१७३३०

यहाँ तयारी तथा अर्डरबमोजिम सुन तथा चाँदीका सामानहरू बनाइन्छ ।

हार्दिक शुभकामना

२५५७ औं बुद्ध जयन्तीको सु-अवसरमा सम्पूर्ण
ग्राहक महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

Mohan Das Basukala
9851043968, 9803764451

Valley Sports House

Remember us For: Sports goods, Medals, trophy & Sports Wear.

हार्दिक शुभकामना

२५५७ औं बुद्ध जयन्तीया लसताय् दुनुगलंनिसे भिन्तुना !

सकतां कथंया लुँ, वहःया तिसा ज्वलं
मासा जिमित लुमंका दिसँ ।

रत्नायन ज्यासं प्रसं

खौमा टोल, भक्तपुर-१५, फोन ६६१२६७५, ६६१०२५४

हार्दिक शुभकामना

२५५७ औं बुद्ध जयन्तीको उपलक्ष्यमा
सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षकशिक्षिका तथा
शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछ !

बासु उच्च माध्यमिक विद्यालय/कलेज
कालीघाट, भक्तपुर-१०

आदर्श आजाद उच्च माध्यमिक विद्यालय/कलेज
भेलुखेल, भक्तपुर-११

वागीश्वरी
उच्च माध्यमिक विद्यालय/कलेज
भक्तपुर-१, च्याम्हासिंह

गणेश माध्यमिक विद्यालय
सिपाडोल, भक्तपुर

समाज सुधार
माध्यमिक विद्यालय
भक्तपुर-२, तौलाछें

गणेश माध्यमिक विद्यालय
छालिङ्ग, भक्तपुर